महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
भिमेश्वर नगरपालिका, दोलखा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूमा सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं. ५७५

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भिमेश्वर नगरपालिका, दोलखा ।

कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.९ करोड ६९ लाख ८२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.१२ हजार फस्यौंट भई रू.९ करोड ६९ लाख ७० हजार बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये असुल गर्नुपर्ने रू.२० लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ८९ लाख १३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड २५ लाख २४ हजार र पेश्की रू.३४ लाख ३५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १२ करोड ९२ लाख ३९ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २२ करोड ६२ लाख ९ हजार रहेको छ ।नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

भिमेश्वर नगरपालिका, दोलखा

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
५४	३८	९६९८२	०	१	१२	५४	३७	९६९७०	२०९८	१२५२४	७८९१३	०	०	९१४३७	३४३५

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दोलखा	१२९२३९	०	०	१२९२३९	०	९६९७०	२२६२०९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भिमेश्वर नगरपालिका, दोलखा , भिमेश्वोर नगरपालिका , दोलखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Man Bahadur Khadka	२०७६-१२-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	Jagadish Aryal	२०७८-१२-२८	
		बेरुजु रकम	९६,९८१,७१३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२,००,५०,२५२.२३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५५,७६,०५,७१३	**चालु खर्च**	३७,७२,०५,९१९
प्रदेश सरकारबाट अनुदान	७,२७,२०,२३०	**पूँजीगत खर्च**	४२,७९,३९,२५३
राजश्व बाँडफाँट	१२,७४,०४,९५७	**वित्तीय/अन्य व्यवस्था**	१९,९२,९३,२३९
आन्तरिक आय	८,४९,९१,८००		
अन्य आय	१७,२१,४९,४०९		
कुल आय	१,०१,४८,७२,१०९	**कुल खर्च**	१,००,४४,३८,४११
बाँकी मौज्दात		१,२१,०९,३६,२१९	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय**	

आर्थिक कारोबारोको स्थिति

कार्यालयको नामः भिमेश्वर नगरकार्यपालिकाको कार्यालय दोलखा ।

पद	नाम	कार्यरत अवधि		बेरुजु रकम
कार्यालय प्रमुख	श्री मान बहादुर खड्का	207७.4.1	207८.3.31	
लेखा प्रमुख	श्री जगदिश अर्याल	2077.4.1	207८.3.31	

आयव्यय

गत वर्षको मोज्दात	यस वर्षको थप	जम्मा रकम	खर्च रकम	बाँकी रु.
120050252	864241833	984292085	853808135	**130493951**

परिचयः

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह अस्थित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चत गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा ४७ सभा सदस्य १३२ वर्ग किलो मि क्षेत्रफल तथा ३९ हजार६६७ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोषः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकालेप्राप्त गरेको आय,अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष 207७/ 7८को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैलेगरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझैभुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८५४६५१०५८	864241833	०	864241833
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८१२१५३५१८	842722700	०	842722700
११००० कर	११	१४३९२६५१८	127404957	०	127404957
१३००० अनुदान		६४६१२७०००	630325943	०	630325943
संघीय सरकार	१२	५४१८०००००	557605713	०	557605713
प्रदेश सरकार	१२	१०४३२७०००	७२७२०२३०	०	७२७२०२३०
जनसहभागिता		०	६१०००००	०	६१०००००
१४००० अन्य राजस्व		२२००००००	२१४८०८५४	०	२१४८०८५४
१५००० विविध प्राप्ति		१०००००	57410946	०	57410946
ख. अन्य प्राप्ति		४२४९७५४०	21519133		21519133
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		४२४९७५४०	10288650	०	10288650
धरौटी		०	11240483	०	11240483
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	0	०	0
भुक्तानी (ग+घ)		९२८४५१०५८	853808135		853808135
ग. भुक्तानी (सञ्चित कोषबाट)		८८५९५३५१८	805145172		805145172
२१००० पारिश्र मिक / सुविधा	१८	२७६२०५०००	257890603	०	257890603
२२००० मालसामान तथा सेवाको उपयोग	१८	११११९५३५००	84847232	०	84847232
२४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन	१८	७६३०००	417100	०	417100
२५००० सहायता (Subsidy)	१८	५२०३०००	२६००००	०	२६००००
२६००० अनुदान	१८	१६९५००००	500000	०	500000
२७००० सामाजिक सुरक्षा	१८	१६०४९०००	11351626	०	11351626
२८००० अन्य खर्च	१८	१६०००००	1062562	०	1062562
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४५५७३००१८	427939253	०	427939253
३२००० वित्तीय सम्पत्ति	१८	०	०	०	०
३३००० दायित्व	१८	१५०००००	614795.63	०	614795.63
घ. अन्य भूक्तानी		४२४९७५४०	48662963		48662963
कोषहरु		४२४९७५४०	44186249	०	44186249
धरौटी		०	4476714	०	4476714
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			0		0
ङ. यो वर्षको बचत (न्युन)		-७३८०००००	10433698		10433698
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			120050252.23		120050252.23
वर्षान्तको बाकी रकम (ङ + च)		-७३८०००००	130493951		130493951
बैंक कारोबारमा भिन्नता					
बैंक तथा नगद बाकी	२४		130493951		130493951

नगरपालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन् ।

सि.नं.	खर्च शीर्षक	निकासा रकम	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	96526976.13	96526976.13
2	राष्ट्रिय सुचना व्यवस्थापन तथा अनुमगन आयोजना	00	00
४	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	10368750	10368750
५	प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम	17250000	17250000
६	सामाजिक बिकास मन्त्रालय	11987765	11987765
७	सामाजिक विकास मन्त्रालय	728000	728000
८	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	10768785	10768785
9	सामाजिक विकास मन्त्रालय	3000000	3000000
	जम्मा	**150630276.13**	**150630276.13**

उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता व्यवस्थापन प्रतिनिधित्व पत्र एंव आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत लाई आधार मानी लेखापरीक्षण ऐन 2075 को लेखापरीक्षणका अन्तराष्ट्रिय मापदण्ड र मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण गर्न सकिने व्यवस्था अनुसार र स्वीकृतत लेखापरीक्षण योजना बमोजिम नमुना छनौटको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा देखिएका व्यहोरा सम्वन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीसँग मिति २०७८।०६।16 मा छलफल भएको छ ।सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । छलफलबाट कायम भएका व्यहोराहरु निम्नानुसार छन् ।

२

पेश्की बाँकि ३,४३४,८१४

आर्थिक कार्यविधि नियमावली,2076 को नियम 73(3) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार कुल रु.5267125 फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु

सि.नं.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व.		
			म्याद ननाघेको	फछ्यौँटको अन्तिम म्याद	म्याद नाघेको
१	टुडिखेल निर्माण आयोजना	किरातेश्वर /सिमपानी जे.भी. भी.न.पा. ६		०८/०५/२०७७	३२६६४१४
२	औद्योगिक ग्राम स्थापना कार्यक्रम	राउत ब्रदर्श कन्स्ट्रक्सन एण्ड ड्रिलिङ सर्भिस प्रा.लि.		०९/१४/२०७७	१६८४००
३	बहुउद्देश्यीय भवनको बिस्तारित निर्माण आयोजना	धनदेवि निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.	९०००००	०४/१५/२०७८	
४	बिद्युत पोल स्थानान्तरण कार्यक्रम	ने वि प्रा दोलखा वितरण केन्द्र	९३२३११	०४/१९/२०७८	
जम्मा			१८३२३११		३४३४८१४

३

मुद्दाको विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप–प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	मौज्दात
२३	९०	११३	६१	२९

अतः मौज्दात रहेका न्यायिक निवेदन समयमै फछर्यौट् गरी न्यायिक सम्पादन कार्य छिटो, छरितो र प्रभावकारी बनाउनुपर्दछ।

४

जिन्सी व्यवस्थापन प्रणाली

नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५, ९६ र ९९ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण, सम्पत्ति तथा मालसामानको लगत तयार गर्ने, सम्पत्ति तथा जिन्सीको मूल्य कायम गर्ने र जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।नगरपालिकालले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका, टुटफूट भएका सामानको मर्मत गर्नुपर्ने समायोजन भएका साविकका गाउँ विकास समितिहरुले खरिद गरेका सामानहरुको यथार्थ अभिलेख राख्ने लगायतका सुझाव कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

५

अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न किवि तथा चौरी गाई पकेट क्षेत्रमा खर्च लेखेका छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६

औधोगिक सामाग्रिको खरिद तथा सदुपयोग

नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष निम्नानुसार थ्रेसर र ट्याक्टर खरिद बापत अनुदान उपलव्ध गराएको पाइयो । कृषकहरुले उक्त अनुदान रकमबाट खरिद गरी भुक्तानी दिएको देखिन्छ । उक्त सामाग्रिहरु प्रतिष्पर्धात्मक विधिबाट खरिद नगरेको , खरिद सामाग्रीहरुको गुणस्तर परिक्षण नगरिएको र संचालन अवस्था खुल्ने गरी अनुगमन प्रतिवेदन समेत नभएकोले अनुगमन गरी प्राप्त सामाग्रिको गुणस्तर र उपयोगिता सुनिश्चिता गर्नुपर्दछ ।

https://nams.oag.gov.np

क्र.स.	कार्यक्रम संचालन	कृषि औजार उपकरण वितरण			जम्मा लागत	कृषक सहभागिता	नगद अनुदान
		मिनिटिलर (हाते ट्याक्टर)	थेसर (धन गहुँ झार्ने)	कन सेलर (मकै छोडाउने मेसिन)			
१	नगर स्तरवाट संचालित (कृषि औजार उपकरण)	14	4	4	1080000	540000	540000
२	वडा न.3	3	4		360000	180000	180000
३	वडा न.४	12			900000	500000	400000
४	वडा न.7	8			464000	232000	232000
जम्मा		37	8	4	2804000	1452000	1352000
	संघिय प्रदेश स्तर वाट उपकरण वितरण:						
	पकेट विकास कार्यक्रम (वडा न. 6 र 9 मा)	5			332000	166000	166000
	नयाँ बहुउदेश्य नर्सरी स्थापना वडा न. 4	1			58000	29000	29000

७

विलम्व शुल्क

लागत अनुमान 6022385 रहेको मदन आश्रित मार्ग निर्माण कार्य 2077 साल फाल्गुन मसान्त सम्म सम्पन्न गर्ने गरी अमुल एण्ड स्नेहा प्रा लि सँग 5987829 को सम्झौता गरेकोमा 5997013 को कार्य भई 2077।11।23 मा कार्यसम्पन्न भएको देखिन्छ । उक्त निर्माण कार्यमा निर्माण व्यवसायीले 0.2 प्रतिशत घटिमा काम गर्ने उल्लेख गरेकोमा सो अनुरुप घटाई भुक्तानी गरेको पाईएन । तसर्थ कुल कार्यसम्पन्न रकम 5997013 को 0.2 प्रतिशतले हुने रु 11995 असुल गरी दाखिला गर्नुपर्ने रु

११,९९५

८

शिक्षक विद्यार्थि अनुपात

विद्यार्थी अनुपात शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम हिमाली जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४० जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । नगरपालिका मातहतमा रहेका ४२ बटा सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभि शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरन्दी	जम्मा विद्यार्थी	विद्यार्थि शिक्षक अनुपात
१	क्षमावती मावि क्षमावती	१७	३५८	२१
२	सुन्द्रावती आ.वि दामाराङ	६	१०७	१८
३	लामानागी आ.वि	८	१२२	१५
४	मानेडाँडा प्रावि	३	२५	८
५	भुमेश्वरी प्रावि फेदी	२	१२	६
६	बुद्ध प्रावि बाटाखर्क	२	१३	७
७	महादेवस्थान प्रावि	२	४२	२१
८	बोसिम्पा प्रावि	२	७	४
९	राजकुलेश्वर आ.वि	८	१०१	१३
१०	भीम मावि सुन्टोवर	१९	३६०	१९
११	फुलपा प्रा वि फुलपा	३	३३	११
१२	त्रिपुरासुन्दरी आवि	६	९३	१६
१३	बालमन्दिर प्रा वि	२	२०	१०
१४	तिखातल प्रावि	५	४६	९
१५	चुलिडाँडा प्रावि नेगल	१	४	४
१६	कालिञ्चोक मावि चरिकोट	३०	९९८	३३
१७	पशुपतिकन्या मन्दिर मावि	१९	३१५	१७
१८	भिमेश्वर वहिरा प्रावि	४	४४	११
१९	सेतिदेबी प्रावि जिलू	२	१६	८
२०	चेतनशील प्रावि जिलू	३	२५	८

				२१	सर्व मावि जिलु	२४	१३४	६		
				२२	वुढाभिमसेन मावि	१४	१३८	१०		
				२३	महेन्द्रोदय मावि माटी	१९	२२३	१२		
				२४	विसुण्टोल आ.वि मथानी	३	१९	६		
				२५	माथिल्लोमाटी प्रा वि	२	१२	६		
				२६	महाङ्काल प्रावि	४	४५	११		
				२७	वीरेन्द्र प्रावि उखुबारी	३	२८	९		
				२८	साखिने आ.वि दामूना	५	४२	८		
				२९	कुटीडाँडा मावि मकैबारी	२०	३०९	१५		
				३०	कुप्रिडाँडा आ.वि कुप्री	६	५१	९		
				३१	हरिकिर्तन आ वि फल्कुधनि	६	५३	९		
				३२	सेतीदेवी आ.वि काउले	८	१०१	१३		
				३३	देवी मा वि सिरुपातेडाँडा	१४	३०१	२२		
				३४	ला मिडाँडा प्रा वि ला मिडाँडा	३	४०	१३		
				३५	पृथ्वीनारायण आ वि ठूलीनागी	९	५९	७		
				३६	लाँकुरीडाँडा प्रा वि सुर्के भुमरेडाँडा	२	१५	८		
				३७	बुद्ध प्रा वि झाँकीचौर	३	२८	९		
				३८	सुर्के मा वि भण्डारे	१४	२१२	१५		
				३९	नारीजागरण प्रावि चौतारागाउँ	२	१२	६		
				४०	कालिदेबी प्रा वि झिंगान	४	५२	१३		
				४१	सेतिदेबी प्रा वि भण्डारे	३	४९	१६		
				४२	सुर्के मा वि खरीढुंगा	१७	२५१	१५		

९			**अनुगमन पत्र** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली 2077 को नियम 39(8) मा स्वीकृत कार्यक्रम अनुसार संचालित कार्यक्रममा रकम खर्च गर्दा नियमानुसार खर्च गरी त्यसमा भएको खर्च खरिद गरिएको माल समानको विवरण तथा विल भरपाई सहित अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम शिर्षकमा विद्यार्थी सुरक्षा बापत प्रति विद्यार्थी २०० का दरले 43 वटा विद्यालयलाई रु 12 लाख निकासा दिएकोमा सो विद्यालयले सुरक्षा सम्बन्धी कुन कुन कार्यमा रकम खर्च गरेको सो कुरा खुल्ने प्रमाण कागजात पेश गर्नुपर्ने साथै नगरपालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.	१,२००,०००
१०			**नविकरणिय उर्जा** नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनिहरुको १० प्रतिशत नगद योगदानको आधारमा नविरणिय उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लधु जलविधुत जैविक उर्जा बायोग्यास पलान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ। नगरपालिकाले सौर्य उर्जा प्रविधि जडान, बायोमास जडान र लघु तथा साना जलविद्युत आयोजना निर्माण बाट सौर्य उर्जा प्रविधि सोलार बत्ती जडन शिर्षकमा रकमान्तर गरी गो भौ नं 37/078.3.25 बाट रु सडक वत्ती जडान उपभोक्ता समिति लाई रु. 1100000 भुक्तानी दिएको छ। कार्यविधि उल्लेख क्रियाकलापमा तोकिए बमोजिम कार्य गर्नुपर्नेमा कार्यविधिको पालना नगरी खर्च नगरी खर्च गरेको	१,१००,०००
११			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानिय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको निय मितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।	
१२			**खर्च विश्लेषण** पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु २ करोड १4 लाख 80 हजार जनसहभागिताबाट रु ६१ लाख राजस्व बाँडफाँडबाट रु १2 करोड 74 लाख 04 हजार र अनुदानबाट रु ६३ करोड ०३ लाख २५ हजार र अन्य आयबाट रु 2 करोड 15 लाख 19 हजार समेत रु ८६ करोड 42 लाख 41 हजार आम्दानी भएकोमा चालु तर्फ रु 37 करोड 72 लाख 05 हजार र पूँजिगत तर्फ रु ४२ करोड ७९ लाख ३९ हजार समेत रु ८५ करोड ३८ लाख ०८ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २ करोड 14 लाख 80 हजार -३ प्रतिशत रहेको छ।यसबर्ष प्रशासनिक खर्च वापत रु 76 लाख 80 हजार खर्च भएको छ जुन आन्तरिक आयको 35 प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 44 प्रतिशत चालु र 56प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।	
१३			**कार्यक्रम संचालन** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथ मिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ। योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन। यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ। एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ।	
१४			**वित्तीय विश्लेषण** स्थानीय सरकार सञ्चालन ऐन,2074 को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्। • प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीढाँचाको प्रतिवेदनले यस वर्षको आय रु. 86 करोड 42 लाख 41 हजार र गत वर्षको मौज्दात रु. 12 करोड 50 हजार समेत जम्मा रु. 98 करोड 42 लाख 92 हजार र कुल भुक्तानी रु. 85 करोड ३8 लाख 08 हजार देखाई रु. 13 करोड 04 लाख 93 हजार देखिन्छ। • नगरपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)लेदेखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन।	

- संचित कोष व्यवस्थापन प्रणालीले प्रस्तुत गरेको म ले प फारम नं 272 ले प्राप्ती रु. 88 करोड 34 लाख 36 हजार प्रस्तुत गरेकोमा वास्तविक प्राप्ती रु 86 करोड 42 लाख 41 हजार रहेको छ । त्यस्तै राजश्व बाँडफाडबाट रु. 12 करोड 89 लाख 93 हजारप्राप्त भएको देखाएकोमा कार्यालयले 12 करोड 74 लाख 04 हजार वास्तविक आय रहेको जनाएको छ ।स्थानीय संचित व्यवस्थापन प्रणाली अनुसारको वित्तीय प्रतिवेदन (म ले प फारम नं 272) ले अनुदान तर्फ 63 करोड 64 लाख 25 हजार , संघीय सरकार तर्फ अनुदान 55 करोड 76 लाख 05 हजार , अन्य राजस्व तर्फ 1 करोड 95 लाख 74 हजार र विविध प्राप्ति तर्फ 3 लाख 18 हजार देखाएकोमा कार्यालयले क्रमशः63 करोड 03 लाख 25 हजार , 55 करोड 76 लाख 05 हजार , 2 करोड 14 लाख 80 हजार र 5 करोड 74 लाख 10 हजार रहेको कार्यालयले जनाएकोमा सोही बमोजिम वित्तीय प्रतिवेदन तयार गरी पेश गरेको छ ।
- स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु.१२ करोड २५ लाख ६० हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु.१२ करोड ०५ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२५ लाख ५५ हजार घटी जिम्मेवारी सरेको सम्बन्धमा गत वर्षको स्थानीय संचित कोषको प्रतिवेदन म ले प फारम २७५ ले १२ करोड ०५ हजार नै देखाएकोले फरक नपरेको कार्यालयले जनाएको छ । तर गत वर्षको स्थानीय तहको वित्तीय प्रतिवेदन म ले प फारम नं २७२ ले १२ करोड २५ लाख ६० हजार नै देखाएकोले एउटै प्रणालीका २ प्रतिवेदन विच फरक परेको सम्वन्धमा एकिन गर्नुपर्ने देखिन्छ ।

१५

बजेट पेश तथा पारित

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा 207७/3/१० मा नीति तथा कार्यक्रम र बजेट पेश भई रु. ९४ करोड ५३ लाख १७ हजारको बजेट मिति २०७७।३।२५ पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले 207७/4/५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१६

चैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम बमोजिम स्वीकृत भएको कार्यक्रममा बमोजिम चौमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।प्राप्त विवरण अनुसार आषाढ महिनामा मात्र २० करोड ११ लाख ४० हजार खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा अनुगमन प्रभावकारी नभई कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
1	सवै	८८९८८५	३९६६२	१०९८३१	५३९२५०	२०११४०

१७

सेवा प्रवाह

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ङ, च) स्थानीय तहले स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन लगायतका सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख छ।सो अनुसार नगरपालिकाले यस आर्थिक वर्षमा निम्नाअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

क्र.स	विवरण	सख्या	
		प्राप्त	सम्पन्न
1.	नागरिकता सिफरिस	५६३	५४१
2.	घरबाटो सिफारिस	७४६	७४०
3.	नाता प्रमाणित	३१२	३१२
4.	जन्म मृत्यु दर्ता	१२९६	१२९६
5.	घर नक्सा पासको निबेदन	५९८	५९८
6.	अस्थाइ अनुमति	५०८	५०८

१८

करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १४ पदहरुमा ३६ जना कर्मचारीहरु करारमा राखी रु. १,०८,४१, २५० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको ईन्जिनियर-२, सब ईन्जिनियर-१, असिटेण्ट सब ईन्जिनियर-४, अ मिनि-१, का.सहायक-२, ना.प्र.प्रा-१, सा.प.-४, का.सहजकर्ता-१ जना गरी १६ जना करारमा नियुक्त गरी बर्षभरीमा रु.६८,५०,९०० भुक्तानी गरेको छ।

क) प्राविधिक कर्मचारी तर्फ १६ पद रिक्त रहेको देखियो जसले गर्दा नगरपालिकाको सेवा प्रबाहमा असर पार्ने हुदा यथासिघ्र स्थायी पदपुर्ति गर्नुपर्दछ ।

१९

पदपूर्ति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले पेश गरेको स्वीकृत दरबन्दी र पदपुर्तिको विवरण अनुसार नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ ४४ जना र आन्तरिक पदपूर्ति तर्फ १५ जना समेत गरी जम्मा५९ पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर सब इन्जिनियर स्वास्थ्य कर्मी पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ ।

२०

अनुगमन खर्च

पदाधिकारी सेवा सुविधा सम्वन्धी ऐन २०७५ को दफा ७(१) मा पदाधिकारी तथा कर्मचारीलाई आफ्नो कार्यक्षेत्र भित्र कामको शिससिलामा अनुमगन गरे बापत भत्ता प्राप्त गर्ने व्यवस्था छ । सो अनुसार मात्र अनुगमन खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२१

आर्थिक विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

२२			**आन्तरिक नियन्त्रण** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्योहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।जिल्ला दररेट लाई नै आधार लिई कार्य गर्ने गराउने निर्णय गरेको पाईयो । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ७ ऐन, १नियमावली, ६कार्यविधि १ निर्देशिका र १ नर्म्स समेत १६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्ने कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरेको छैन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा ०७६/०७७ मा लिलाम विक्री गरेको जनाएको छ । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई अनिवार्य गर्नु गराउनु पर्नेमा सोको पालना भएको पाईएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । .	
२३			**अवण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२ करोड ५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।०३।२५को निर्णयबाट चालुतर्फ जनतासंग मेयर कार्यक्रम शीर्षकमा रु.९० लाख र पुजीगततर्फ अन्य सार्वजनिक निर्माण, साँस्कृतिक सम्पदा संरक्षण कार्यक्रम र सडक फुटपाथ निर्माण शीर्षकमा रु.१ करोड १५ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
२४			**ठेक्का व्यवस्थापन** सार्वजनिक खरिद ऐन 2063 को दफा ८ मा सार्वजनिक निकायले खरिद कार्य गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा खरिद विधि निर्धारण गर्ने र प्रदेश आर्थिक कार्यविधि नियमावली 2076 मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष १४ख वटा ठेक्का व्यवस्था गरेकोमा स्थानीय सडक तथा विभिन्न निर्माण	

कार्य नियममा व्यवस्था भए अनुसारको अवधिमा सम्पन्न नगरी दोस्रो चौमासिकमा 4 वटा र तेस्रो चौमासिकमा 9 वटा समेत गरी 13 ठेक्का आव्हान गरेको देखियो । ठेक्का आव्हान गरेका 13 ठेक्का मध्ये 12 को मात्र कार्य भएको छ । सम्झौता भएका जम्मा 14 ठेक्कामध्ये १ वटा सम्पन्न हुन बाँकी देखिन्छ । निर्धारित समयमै ठेक्का वन्दोवस्त गर्नुपर्दछ ।

कार्यक्रमको नाम	ठेक्का सम्झौता										यस वर्ष सम्पन्न	
	जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिनाको मात्र			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
विभिन्न	१४	२०२०६८३९३.४४	१	४७९६७६९.६४	४	२७९२५४७३.८	९	१६९३४६१५०.४	२	१२५३३१३५१.८	१२	७६७३७०४२.०५

२५ **क्षेत्रगत बजेट**

नगरपालिकाको कुल बजेट ९४ करोड ५३ लाख १७ हजार र खर्च ८० करोड ५१ लाख ४५ हजारको आधारमा समग्रमा ८६ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

स	क्षेत्रगत बजेट	रकम	खर्च प्रतिशत
१	आर्थिक विकास	६३०४३९२०	७.९४
२	सामाजिम विकास	३०७९१५९२०	३९
३	पूर्वाधार विकास	२९९८४५३५०	३७.७६
४	वातावरण तथा विपद व्यवस्थापन	७९७६९२६	१
५	संस्थागत विकास र सेवा प्रवाह	१०६५८४४	०.१३
६	वित्तिय व्यवथापन र सुशासन	७८१२४४	०.१
७	कार्यालय संचालन तथा प्रशासनिक	११३२६५५५९	१४.२७
जम्मा		८०५१४५१७२	१००

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकास ३९ प्रतिशत, पूर्वाधार विकासमा ३७.७६ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिकमा १४.२७ प्रतिशत, आर्थिक विकास तर्फ ७.९४ प्रतिशत, वातावरण तथा विपद् व्यवस्थापन तर्फ १ प्रतिशत, संस्थागत विकास र सेवा प्रवाह तर्फ ०.१३ प्रतिशत र वित्तिय व्यवस्थापन र सुशासन तर्फ ०.१ प्रतिशत मात्र रहेको देखियो ।अत: आर्थिक विकास, संस्थागत विकास तथा सेवा प्रवाह तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

२६ **योजना छनौट तथा संचालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे

योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १० हजार देखि ५० हजार सम्म	१३६	३६१७४३६
२	५० हजार देखि १ लाख सम्म	६६	६१३३४५६
३	१ लाख देखि ५ लाख सम्म	२४५	७६११३६०६
४	५ लाख भन्दा माथीका योजनाहरु	१६५	४२९०५८५२
	जम्मा	६१२	५१४९२३०२२

२७

उपदान कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि 26 जना कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७८ आषाढ सम्म रकम कट्टी गरी रकम दाखिला गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा भई नसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था भईसकेको कारण कट्टी नगरेको नगरपालिकाले जनाएको छ ।

क) नगरपालिकाले यस राजस्व बाँडफाड र आन्तरिक राजस्वबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु.३००००००।– ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको छैन । २६ जना उपदानमा जाने कर्मचारीको तलव भत्ताको १० प्रतिशतका दरले हुने रु. १०८८२७६ मात्र ट्रान्सफर गर्नुपर्नेमा रु. १९११७२४ बढि ट्रान्सफर गरेको छ ।

२८

प्रगति विवरण

नगरपालिकाले यसवर्ष ६१२ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये १२ वटा योजनाको शुन्य प्रगति र बाँकी ६०० योजनाको प्रगति ७५ प्रतिशत भन्दा माथी रहेको छ । शुन्य प्रगति भएका योजनाको सट्टा नँया संचालन गरेको र ति योजनामा प्रगति भएको नगरपालिकाले जनाएको छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

२९

आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु. ६२४००० आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता सम्बन्धी कार्यविधि तयार गरी यस्तो खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।जटिल रोगको सुचिकृत अस्पतालमा उपचार हुदा मात्र पाउने कार्यालयले जनाएको छ ।

३०

विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ रु. १८ लाख 45 हजार र विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च बापत रु 4 लाख २० हजार गरी कुल 22 लाख 65 हजार खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

३१ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार त्रुटी सच्चाउने अवधि समाप्त भएपछि कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा नगरपालिकाले त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको अभिलेख तयार नगरेको एंव कार्य सम्पन्न भएकै आधारमा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । अत : सार्वजनिक खरिद नियमावली 2064 को नियम 117 बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गरी त्रुटि संचाउने अवधि बाँकी रहेका योजनाको अभिलेख राखी सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२ **हस्तान्तरण**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 28(७ क) अनुसार संयुक्त उपक्रमले प्राप्त गरेको ठेक्का कामको दायित्व त्यस्तो उपक्रमका सवै सदस्यले बहन गर्नुपर्नेमा केही योजनामा सो अनुसार नगरी उपक्रमका एक वा एक भन्दा बढी सदस्यलाई पावर अफ एटोर्नि वा अन्य जिम्मेवारी हस्तान्तरण गरेको देखिन्छ । यस सम्वन्धमा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

३३ **प्रतिष्पर्धा**

सार्वजनिक खरिद नियमावलि 2064 अनुसार खरिद कार्य प्रतिष्पर्धि बनाउने कार्य सवै पक्षको जिम्मेवारी रहेको छ । कार्यालयले पेश गरेको योजनाको प्रगति विवरण अनुसार निम्न केहि योजनाको इष्टिमेट र कवोल अंक विच केवल ५ प्रतिशत भन्दा कम घटि रकममा सम्झौता भएको कारण ठेक्का प्रकृया पूर्ण प्रतिष्पर्धि भएको एकिन हुन सकेन ।

ठेक्का नं	वोलपत्र बिक्रि संख्या	वोलपत्र पेश	फिर्ता	लागत स्वीकृत रकम	स्वीकृत	घटी प्रतिशत
BMP/NCB/WORKS/2077-078/E/13	२	२	०	६०२२३८५.७८	५९८७८२९.५७	०.५७
BMP/NCB/WORKS/2077-078/E/24	३	३	०	४९१३०२२.०७	४८८४०६६.८५	०.५८
Gaurishankar Campus Desk Bench	३	३	०	२९१५२४९.९७	२९१०४९२.४१	०.१६

३४ **वडा अनुसारको राजश्व संकलन**

नगरपालिकापालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पर्दछ ।

क्र.स.	वडा न.	संकलित राजस्व (रु.)
1	1	४७०४४०
2	2	८१२९६५
3	3	२०६४४५७
4	4	३७१०२५५
5	5	७३९८४०
6	6	१६७६८८३
7	7	५९४०८९
8	8	७०७८८०
9	9	७८१६५७
10	नगरपालिका	13261618
जम्मा		२४८२००८४

३५

सेस्ता तयार

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शिर्षक जनाइ कम्पुमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३६

योजना परिवर्तन

स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 73 मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा,कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ ।नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम निम्नानुसार विभिन्न कार्यक्रम परिवर्तन गरेको छ । एक पटक आवश्यकता महसुस गरी तर्जुमा गरेको कार्यक्रम आर्थिक वर्षको अन्यमा परिवर्तन गर्ने कार्य उपयुक्त देखिदैन साथै सो परिवर्तनलाई नगरसभाबाट अनुमोदन गरेको समेत देखिएन।

क्र. सं.	साविक योजना	वडा नं.	रकम रु.	परिवर्तित योजना	रकम रु.
१	कुथली कृषी उपज केन्द्रको भवन स्तरोन्नती आयोजना	१	१००००००	कुथली सिंचाई	२०००००
	कुथली कृषी उपज केन्द्रको भवन स्तरोन्नती आयोजना	१	-	वडा कार्यालय भवन निर्माण	८०००००
२	भिम पुस्तकालय भवन निर्माण आयोजना	२	९०००००	कुमारी भवन निर्माण	९०००००
३	कुसुले बाजा खरिद तथा निर्माण	२	२०००००	कुमारी भवन निर्माण	२०००००
४	डोक्छे घुम्ति टोल ढल निर्माण	२	३०००००	कुमारी भवन निर्माण	३०००००
५	नेवारी भाषाको पुस्तक तथा पत्रिका प्रकाशन	२	२०००००	नेवारी भाषाको पुस्तक तथा पत्रिका प्रकाशन	१०००००
	नेवारी भाषाको पुस्तक तथा पत्रिका प्रकाशन	२	-	अनुसन्धानको यात्रामा दोलखा पुस्तक प्रकाशन	१०००००
६	चाथली चिसापानी मैदाने सडक स्तरोन्नति	२	४०००००	गैरी सुवेदी घाट निर्माण आयोजना	१०००००
	चाथली चिसापानी मैदाने सडक स्तरोन्नति	२	-	चाथली त्रिपुरासुन्दरी आ. वि. गोरेटो बाटो निर्माण	१५००००
	चाथली चिसापानी मैदाने सडक स्तरोन्नति	२	-	रातमाटे था मिघाट बाटो निर्माण	१५००००
७	दलित छात्रवृत्ति तथा कम्प्यु तालिम कार्यक्रम	३	१५००००	चरिघ्याङ्ग तिनधारा ठाडो बाटो निर्माण	१५००००
८	तामाङ्ग जातिको डम्फु स्तम्भ निर्माण	३	२०००००	चरिघ्याङ्ग गुम्बा प्यानोरमा रिसोर्ट सडक	२०००००
९	फर्सभे तामाकोशी सडक निर्माण	४	६०००००	पिपलबोट चेतनशिल कृष्णहरे सडक	६०००००
१०	माझमाटी सामुदायिक भवन निर्माण आयोजना	५	५०००००	मिलघुम्ती सुनखाँडी डाँडा महांकाल सडक निर्माण	५०००००
११	कुलचोक प्रतिक्षालय निर्माण	६	२०००००	रामजानकी सडक रामकोट खण्ड सोलिङ्ग निर्माण	२०००००
१२	तरकारी फलफुलको विरुवा वितरण कार्यक्रम	८	५०००००	गोठ सुधार कार्यक्रम	५०००००
	जम्मा		५१५००००	जम्मा	५१५००००

३७

राजस्व अनुमान तथा संकलन

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा

			अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।	
३८			**राजस्व संकलन** स्थानीय सरकार संचालन ऐन 2074 को दफा 54 अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. 21480854 आम्दानी गरेको देखिन्छ ।	

आम्दानीको स्रोत	अनुमान	राजश्व प्राप्ति
एकिकृत सम्पति कर	7000000	5371231
घर बहाल कर	3000000	2681438
अखेटोपहारमा लाग्ने कर	50000	0
सरकारी सम्पतिको बहालबाट प्राप्त आय	300000	1026761
अन्य सेवा शुल्क तथा विक्रि	1000000	500
अन्य प्रशासनिक शुल्क	100000	1879800
नक्सापास दस्तुर	4990000	5180768
सिफारिस दस्तुर	5000000	2635125
व्यक्तिगत घटना दस्तुर	50000	85700
नाता प्रमाणित दस्तुर	300000	96600
अन्य दस्तुर	210000	745636
प्रशासनिक दण्ड जरिवाना र जफत	150000	562000
व्यवसाय कर	2700000	897020
बेरुजु	0	318275
जम्मा	34050000	21480854

नगरपालिकाले विभिन्न शिर्षकमा रु ३ करोड ४० लाख ५० हजार आय प्राप्त गर्ने लक्ष्य रहेकोमा २ करोड १४ लाख ८०हजार (६३ प्रतिशत) मात्र संकलन भएको छ । आन्तरिक आयका सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) व्यवसाय करः- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस आर्थिक वर्षमा 27 लाख व्यवसाय कर संकलन गर्ने लक्ष लिएकोमा 8 लाख 97 हजार 33.22 प्रतिशत मात्र संकलन गरेको छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । कोरोनाको कारण व्यवसायीलाई कर

<table>
<tr><td></td><td></td><td></td><td>छुट दिने नितिगत निर्णयको कारण राजश्व संकलनमा कमि आएको कार्यालयले जनएको छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।
ख) मनोरन्जन करः स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । नगरपालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । ऐन अनुसार कर उठाउनु पर्दछ ।
ग) घर जग्गा बहाल करः स्थानीय सरकार संचालन ऐन 2074 को दफा अनुसार नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । नगरपालिकाले घर जग्गा बहाल कर 30 लाख कर उठाउने लक्ष्य लिएकोमा रु 26 लाख 61 हजार मात्र असुल गरेको छ ।उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठेको हो सो रकमको एकिन गर्न सकिएन साथै नगरपालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।
घ)</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>उपभोक्ता समितिबाट निर्माण कार्य</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन 2063 को दफा 44 अनुसार मितव्ययीता गुणस्तरीयता वा दिगोपना अभिबृद्धि हुने सुनिश्चिता नभएको अवस्थामा नियमावलीको नियम 97 (12) अनुसार निर्माण कार्यको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी उपभोक्ता समितिमा हस्तान्तरण गर्न नसकिने प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको पाइयो ।
<table>
<tr><td>गो भौ नं र मिति</td><td>कार्य</td><td>कार्यसम्पन्न</td><td>भुक्तानी</td></tr>
<tr><td>204/077.10.15</td><td>वडा कार्यालय भवन निर्माण वढा नं 6</td><td>1531072</td><td>1300000</td></tr>
<tr><td>705/078.03.30</td><td>अक्सिजन प्लान्ट हाउस निर्माण</td><td>2311237</td><td>2000000</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>नगरपालिकाले उपभोक्ता समितिबाट गराएका काम मध्ये लेखापरीक्षणको क्रममा छनौट छनौट परेका योजनाको परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको , सार्वजनिक सुनुवाई तथा अनुगमन फारमका विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियमावलीको नियम १२५.२ अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने, नियम ११५(१) अनुसार गुणस्तर परीक्षण गर्ने गराउने गरेको पाइएन साथै समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा सुधार गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>राजश्व संकलन तथा विलम्व शुल्क</td><td></td></tr>
<tr><td>४०.१</td><td></td><td></td><td>पालिकाले ठूला बगर क्षेत्रमा 5241.96 घ मी ढुङ्गा तथा गिट्टी उत्खनन् गर्नको लागि रु 1665842 को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको मा उक्त ठेक्काको लागि २१ वटा फर्म बिक्रि भएको देखिन्छ । जसमध्ये नगरपालिकाले बढी कवोल गर्ने श्री क्रसल्याण्ड् विल्डर्ससंग रु.१६७०००० मा ठेक्का सम्झौता गरेको छ।उक्त ठेक्का सकार गर्ने ठेक्केदार सम्झौता गरिएको स्थान ठूलाबगर क्षेत्रमा ढुङ्गा गिटि बालूवा रोडा उत्खन्न गर्न जादा, लिखु हाइड्रोपावर कम्पनीको आफ्नो निर्माण कार्यको लागि सामान आसारपसार गर्न भिमेश्वर नगरपालिका क्षेत्रबाट तामाकोशी नदी माथी सामान ओसारपसार गर्ने प्रयोजनको लागि विना अनुमति ह्यूम पाईप विच्छाएको कारण त्यस स्थान भन्दा माथिल्लो भागमा दह बनेको हुदा उक्त स्थान बाट ठेक्का बमोजिम ग्राभल ,ढुङ्गा र बालुला उत्खन्नन गर्न अवरोध भएको भनी उक्त कम्पनीको ह्युम पाईप हटाई ढुङ्गा, गिट्टि उत्खन्न गर्न आवस्यक कारवाही गरिदिन उक्त कम्पनीले नगरपालिकामा मिति</td><td>१,३३२,०००</td></tr>
</table>

2077.८.18 निवेदन दर्ता गरेको देखिन्छ ।नगरपालिकाले लिखु तामाकोशी हाइड्रोपावरलाई उक्त ह्यूमपाईप हटाउन पत्र लेखेको भएतापनि कुनै निष्कर्श ननिस्केको कारण नगरपालिकाको कार्यालयले मिति 2077.11.16 मा आवस्यक सहजिकरण गरी उक्त क्षेत्रको ह्यूमपाईप हटाउनको लागि जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेको छ । जिल्ला प्रसाशन कार्यालय दोलखामा त्रिपक्षिय छलफल भएता कुनै निश्कर्ष ननिस्केको नगरपालिको लेखापरीक्षणको क्रममा जनाएको छ । उक्त कम्पनिले ठेक्का बमोजिम ग्राभल ,ढुङ्गा र बालुवा उत्खन्नन गर्न नपाएको भनी उसले कवोल गरेको रु 1667000 को बाँकी किस्ता वापतको रु. 1332000 नगरपालिकालाई दाखिला नभएको कारण आर्थिक नोक्सानी भएको रु.

४०.२

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम ५८ अनुसार राजश्व समयमै दाखिला नभएमा विलम्व शुल्क असुल गर्ने व्यवस्था रहेको छ । बन्दाबन्दीको कारण देखाई नगरपालिकालमा निम्नानुसार ढुङ्गा गिट्टीको ठेक्का वापत ठेक्का सकार गर्ने २ वटा ठेकेदारले समयमै राजश्व वापतको रकम दाखिला नगरेको कारण नियमानुसार विलम्व शुल्क असुल गरी गर्नुपर्ने रु. १९४,९०५

ठेक्का नं	ठेकेदारको नाम	भुक्तानी गर्नुपर्ने राजश्व	विलम्व शुल्क
भाग्यखोला वगर क्षेत्र ठेक्का नं 05	शिव निर्माण सेवा	रु. 2858000 2077 चैत मसान्त र रु 2858000 2078 वैशाख मसान्तमा भुक्तानी गर्नुपर्नेमा 2078 अषाढ 21 मा भुक्तानी भएको ।	171460
उखरे सत्तरे बगर क्षेत्र	डिमुर कन्स्ट्रक्सन	390750 लाई 2077 पौष मसान्तमा र बाँकी 390750 लाभई 207०8 बैशाख मसान्तमा तिर्नुपर्नेमा 2078 जेष्ठ मसान्तमा भुक्तानी गरेको	23445
जम्मा			१९४९०५

४१

सातदोवाटोमा सार्वजनिक शौचालय सहितको बहुउद्धेश्यीय भवन निर्माण ९०३,४४२

लागत अनुमान रु.११६०२९७६०।८० रहेको नगरपालिका स्थित सातदोवाटोमा सार्वजनिक शौचालय सहितको बहुउद्धेश्यीय भवन निर्माणको लागि निर्माण व्यवसायी श्याम सुन्दर निर्माण सेवा सँग मिति २०७६।३।४ मा रु.११४७२४९२३।७६ कबोल अंकमा ठेक्का संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि एक बर्ष अर्थात ०७७।३।४ सम्म तोकिएको थियो । यस बहुउद्देश्यीय भवन निर्माण कार्यको मिति २०७८।३।३० सम्म यस वर्षको रु३५५८९६४९ समेत गरी रु १०८८२७३५६ को कार्य भएको देखिन्छ ।यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवनको निर्माण कार्यको छैटौ रनिङ्ग विल सम्मको कूल मूल्याङ्कन रु १०८८२७३५६ देखिएकोमा ६ बटा आई पि सी बाट रु १०९२६२२६३ भुक्तानी भएको देखिएकोले पून एकिन गरी असुल गर्नुपर्ने देखिएको रु

ख) चौथो रनिङ्ग विल मा व्रिक कार्य १:४ को वि ओ क्यू मा २७०.५६ घन मि रहेकोमा पाचौ रनिङ्ग विलमा २७६।८४ घन मिको भुक्तानी भएको छ। उक्त कार्यको गणना गर्दा २६३.६७ घन मि मात्र हुने देखिएकोले बढी परिमाण १३.१७ घन मिको १९००० का दरले बढी भुक्तानी रु २५०२३० असुल गरी दाखिला गर्नुपर्ने रु

ग) पाचौ रनिङ्ग विल मै आइटम नं १९ प्लाष्टरिङ्ग १००४२.०८ बर्ग मि भएकोमा १००३४.८१ बर्ग मिटर को भुक्तानी दिएकोमा गणना गर्दा 9549.69 बर्ग मिटर मात्र हुने देखिएकोले बढि परिमाण ४८५.१२ बर्ग मिको रु ४५० का दरले बढी भुक्तानी भएको असुल गरी दाखिला गर्नुपर्ने रु

घ) उपरोक्त अनुसार ठूलो रकम भएका २ आइटम नमूना छनौट गरी जोडजम्मा चेकजाँच गर्दा फरक पर्न गएकोले नगरपालिकाले समग्र आइटमको जोडजम्मा पुन चेक गरी भुक्तानी परिमाण सम्वन्धमा विश्वस्त हुनुपर्ने देखिन्छ ।ठेक्का रनिङ्ग अवस्थमा रहेको र अन्तिम विल भुक्तानी गर्दा विस्तृत परीक्षण गरी एकिन गरिने कार्यालयको भनाई रहेको छ ।

ङ) छैटौ रनिङ्ग विलसम्ममा आइटम नं १० एम २० ग्रेड प्लेन सिमेन्ट कंक्रिट कार्य ९०६।२४ घन मि वि ओ क्यू मा रहेकोमा १०६२।२० घन मि , एम २५ ग्रेड १:१:२ २३५।६६ घन मि रहेकोमा २८३।०६ घन मि एंवम् फलामको रडको काम २२४।५६ टन रहेकोमा २८९।७० को काम गराई क्रमश १५५।९६ घन मि ४७।४० घन मि र ६५।१५ बढी परिमाण को भुक्तानी भएको देखिन्छ । अत : सम्झौता परिमाण भन्दा बढी परिमाणको कार्य गर्नुपर्नाको प्राविधिक आधार प्रस्तुत हुनुपर्दछ ।

४२

खुल्ला दरभाउपत्रबाट निर्माण कार्य

३,०२८,१३६

सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१(१) अनुसार सार्वजनिक निकायले बीस लाख भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले निम्न भौ नं / मितिबाट फर्निचर, कार्यालय सामान लगायत खुल्लादरभाउपत्रको आधारमा खरिद गरेको छ ।नगरपालिकाले वार्षिक आवस्यकता पहिचान गरी खरिदको योजना बनाई नियममा व्यवस्था भए बमोजिम खरिद प्रकृया अपनाई मालसामान खरिद गर्नुपर्नेमा खुल्ला दरभाउपत्रबाट खरिद गरेको रु.

क्र स	गो भौ नं र मिति	सप्लायर्स	विवरण	रकम
1.	४÷०७७।६।१	न्यू वि वि सी फर्निचर	फर्निचर	२९६८५१
2.	२६÷०७७।६।३०	सेती देवी फर्निचर	फर्निचर	१४८०३०
3.	169/077.10.6	सेति देवी फर्निचर	फर्निचर	219785
4.	200/077.10.15	मान्धर ट्रेड लिङ्क	कार्यालय सामाग्री	442960
5.	224/077.10.27	सेती देवी फर्चिचर	फर्निचर खरिद	296758
6.	278/077.11.18	ऐश्वर्य स्टेशनरी	कार्यालय सामान	400000
7.	367/077.12.18	द ब्रदर्स सप्लायर्स	कार्यालयको सामान	473970
8.	417/078.01.09	सेती देवी फर्चिचर	कार्यालयको सामान	198089
9.	424/078.1.15	उई सल्सन प्रा लि	कार्यालयको सामान	419857
10.	548/078.3.16	ए के इम्फोरियम एण्ड सप्लायर्स	कार्यालय सामाग्री	99620
11.	549/078.3.1७	मानन्धर ट्रेड लिङ्क र साइराम हार्डवयर एण्ड सप्लायर्स	कार्यालय सामाग्री	151657
12.	554/078.3.18	अवार्ड पाइन्ट	कार्यालय सामान	325440
जम्मा				3028136

४३

उपभोक्ता समिति मार्फत निर्मित कार्य

४३.१

कतिपय पुराना संरचना भत्काई नँया संरचना निर्माण गर्दा पुन: प्रयोग हुन सक्ने सामाग्रीको अभिलेख राखी पुन प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने वा सो को अन्य प्रयोजनमा उपयोग गर्ने व्यवस्था गरेको पाईएन ।

४३.२ यस प्रयोजनमा लागु नहुनेसार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार उपभोक्ता समितिलाई जटिल प्रकृतिको कार्य नगराउने, निर्माण कार्यको रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी उपभोक्ता समितिमा हस्तान्तरण गर्न नसकिने प्रकृतिका कार्यहरु व्यवस्था रहेकोमा नगरपालिकाले उपभोक्ता समितिबाट निम्नानुसारको जटिल कार्य गरेको छ । आगमी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

गो भौ नं र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
380/077.12.26	राक्सिङ्ग खोलामा आर सि सि पुल निर्माण उ स वडा नं १	700000
421/078.1.14	थागने खोला आ सि सि पुल निर्माण निर्माण उ स	700000
623/078.3.27	पुवा खोला आर सि सि पुल	700000
204/077.10.15	वडा कार्यालय भवन निर्माण वढा नं 6	1300000
705/078.03.30	अक्सिजन प्लान्ट हाउस निर्माण	2000000

४४ **सोझै निर्माण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सी मिति हुने गरी सोझै खरिद गर्न हुदैन भन्ने उल्लेख छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आहवान गरी खरिद गर्न सक्ने उल्लेख छ । नगरपालिकाले विभिन्न स्थानमा विभिन्न योजनाको निम्नानुसार योजनाको छुट्टा छुट्टै लागत अनुमान तयार गरी विभिन्न निर्माण व्यवसायीसँग कार्य गराएकोमा विर्माण स्थल फरक फरक स्थान भएको र केही कार्य प्रकृति समेत फरक परेकोले यसरी कार्य गर्नुपरेको कार्यालयले जनाएको छ ।

गो भौ नं र मिति	निर्माण व्यवसायी	निर्माण कार्य	भुक्तानी रकम
45/077.07.3	सहयोगो कन्ट्रक्सन	वडा नं ११ को कार्यालय भवन मर्मत	498905
87/077.8.19	अविसा निर्माण सेवा	माध्य मिक प्रशासनिक भवन पछाडि हिमपाइप विद्याउने कार्य	482882
237/077.10.25	कालिनाग कनस्ट्रक्सन	कार्यालय सहायक प्रशासनिक भवन निर्माण	498336
386/077.12.26	राउत ब्रदर्स	चरिकोट अस्पतालको विरामी राख्ने कोठमा रंगरोगन	498541
387/077.12.26	सा निर्माण सेवा	चरिकोट अस्पताल निर्माण	496368
688/078.3.30	आर आर विल्डर्स	खोप अफिस भवन	496831
618/078.3.26	मेगा सिटी	कार्यालयमा बगंचा तथा सिढि निर्माण	277733
जम्मा			3592706

४५			**निर्माण कार्य** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्यसम्पन्न प्रतिवेदन पेश भई सकेपछि सोको आधारमा भूक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।नगरपालिकाले एकिकृत बस्तीको घरको अग्रभागमा एकरुपता कायम गर्ने उद्देश्यले चाइनिज इट्टा खरिदमा सहयोग गर्ने कार्यक्रम अन्तर्गत प्रति घर ३० हजार का दरले निम्नानुसार खर्च भएको पाइयो ।	८१०,०००

भौ नं र मिति	एकिकृत वस्तीको नाम	घर सैख्या	लागत अनुमान	कार्यसम्पन्न	यस वर्षको अनुदान रकम
233/077.10.28	पानी पोखरी नमूना बस्ती	57	2106169	2069219	810000
464/078.2.26	डिहिफसिभै	48	1950941	1951394	1440000

क) पानी पोखरी नमूना बस्तीको लागत अनुमान 2106169 रहेकोमा 56 घर मात्र निर्माण भएकोले कार्यसम्पन्न 209219 भएको देखिन्छ । संलग्न मूल्याङ्कन प्रतिवेदन अनुसार 56 घरमा तोकिएको कार्य भई गत आर्थिक वर्षमा 870000 र यस आर्थिक वर्षमा 810000 समेत 1680000 भुक्तानी भएको देखिन्छ ।प्रति घर लागत रु 36950 का दरले 56 घरको रु 2069219 को कार्य भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन । योजना हस्तान्तरण, अनुगमन , गुणस्तर परीक्षण आदी भएको देखिएन । तसर्थ सो प्रकृया अवलम्वन गरी योजना संचालनमा पारदर्शिता जवाफदेहिता प्रवर्दन गर्नुपर्ने रु.

ख)

४६			**हिमालय अनुसन्धान विज्ञान प्रविधि प्रतिष्ठान भवन** सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 मा उपभोक्ता समितिबाट निर्माण कार्य सम्वन्धी कार्यविभि व्यवस्था रहेको छ । पालिकाले हिमालय अनुसन्धान विज्ञान प्रविधि प्रतिष्ठान भवन निर्काण कार्यमा हालसम्म निम्नअनुसार रु 15909937 को कार्य भई उपभोक्ता समितिलाई रु. 14456250 भुक्तानी भएको देखिन्छ ।	

आ व	श्रोत	कार्यसम्पन्न	भुक्तानी
075/076	नगरपालिका	9804269	9500000
076/077	पूर्वाधार विकास कार्यक्रम	3079791	2468750
077/078	नगरपालिका	1819321	1500000
077/078	स्थानीय पूर्वाधार विकास कार्यक्रम	1206558	987500
जम्मा		15909937	15456250

क) सार्वजनिक खरिद निमावली 2064 को नियम ९ अनुसार एकमुष्ट लागत अनुमान तयार गरी नियमावलीको नियम अनुसार खरिद कार्य गर्नुपर्नेमा वार्षिक बजेटको आधारमा अलग अलग लागत अनुमान तयार गरी उपभोक्ता नभएको अवस्थामा भवनको मर्मत संभारको जिम्मा उपभोक्ता समितिले लिने अवस्था देखिदैन ।

ख) स्थलगत लेखापरीक्षणको क्रममा अनुगमन गर्दा भवन निर्माण कार्य करिव सम्पन्न भएतापनि रंगरोगन झ्याल ढोकाको कार्य पूर्ण रुपमा सम्पन्न भएको देखिएन । संस्था स्थापनाको उद्देश्य एंव संचालन योजना अपरेसनल प्लान लेखापरिक्षणमा पेश नभएकोले विश्लेषण गर्न सकिएन ।

४७

दर निर्धारण

सार्वजनिक खरिद नियमावली 2064 को नियम 10 मा भएको व्यवस्था अनुसार निर्माण कार्यको लागि आवश्यक पर्ने नमर्स स्थानीय तहले आफ्नै नर्मस नभएमा नेपाल सरकारले लागु गरेको सम्बन्धित क्षेत्रका नर्मसहरु लागू गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक सार्वजनिक खरिद नियमावली 2064 को नियम १०(4) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्न बजारमा उपलब्ध दररेटको विचार गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिका मातहत संचालित विभिन्न योजनाको लागत अनुमान र मूल्याङ्कन मा समावेश गरिएको जिल्ला दर रेट स्थानीय सप्लायर्सले उपलब्ध गराएको सोही सामानको मूल्य भन्दा महङ्गो भएको हुदा जिल्ला दर रेट निर्धारण गर्दा बस्तुनिष्ट र विश्लेषणात्मक आधारमा तयार गरेको हो भन्न सकिएन । जसको केही उदाहरण निम्नानुसार छन् ।

गो भौ नं र मिति	योजनाको नाम	सामानको नाम	सप्लायर्सको को नाम	जिल्ला दर रेट	सप्लायर्सको रेट	फरक
79/078.03.28	वडा नं ६ को को सिचाई आयोजना	ओ पि सि सिमेन्ट	मनकामना सप्लायर्स	954	680	274
	चरिह्याङ्ग संध सडक आयोजना	ओ पि सि सिमेन्ट	नू भिमेश्वर हार्डवयर एण्ड सप्लायर्स	954	790	163
15/078.3.23	हिमालय इन्टिच्यूट निर्माण उ स	औ पि सि सिमेन्ट	मनकामना सप्यार्स	954	680	274

४८

टुडिखेल स्तरोउन्नती कार्य ८३०,३२६

लागत अनुमान रु१२७५१९६७१।७६ रहेको टुडिखेल स्तारोन्नती कार्यको लागि वोललपत्र आब्हान गरिएकोमा निर्माण व्यवसायी KCDC/SNSPL JV को कबोल अंक रु.१२६५८२५२१।०५मा कार्य गर्ने गरी निर्माण ब्यवसायी र नगरपालिकाविच मिति २०७७।३।१२ मा संम्झौता भई उक्त निर्माण कार्यको अवधि २०७९ आषाढ मसान्त सम्म तोकिएको छ ।जुन योजनामा यस वर्ष सम्म रु.59164306 खर्च भएको देखिन्छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखिएका छन् ।

क) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली 2077 को नियम ३९(10) मा औचित्यको आधारमा भुक्तानि दिनुपर्ने व्यवस्था रहेकोमा आइटम नं १२ पि सी सी १ १।५ ३ आ र सि सि कार्यको कुल नापी परिमाण ८५१।२३ घ मी हुनुपर्नेमा ८५४।९२ घ मी भई बढी परिमाण ३।६९ प्रति घ मी २८५०० ले बढी मूल्याङ्कन भएको रु १०५१६५ र आइटम नं १३ को टि एम टी बारको कूल परिमाण १४३।९६ मे ट हुनुपर्नेमा १४५।१४ मे.ट. भई फरक १।१८ को प्रति मे टन १३०००० का दरले रु १५३४०० समेत कूल रु २५८५६५ समायोजन गर्दा कुल रु ५८८३३६८० कार्य भएकोमा तिन वटा आई पि सी र भौचरबाट भुक्तानी जम्मा ५९१६४३०६।२२ भएकोले बढि भुक्तानी भएको रु. 330626 असुल गरी दाखिला गर्नुपर्ने रु.

ख) नमूना छनौटको आधारमा ठूलो मूल्य भएका दुई आइटमको जोड जम्मा परीक्षण गर्दा उल्लेख भए अनुसार फरक परेकोले नगरपालिकाले जोड जम्मा पून: एकिन गरी भुक्तानी ठिक छ भनी विश्वस्त हुनुपर्ने देखिन्छ ।ठेक्का रनिङ्ग अवस्थामा रहेको र अन्तिम विल भुक्तानीमा सम्रग परिणाम एकिन गरी भुक्तानी गरिने कार्यालयले जनाएको छ ।

ग) बिमा बापत रु ५ लाख भुक्तानी भएकोमा ठेक्का अवधि र मर्मत संभार अवधि खाम्ने गरी बिमा नगरेकोले जोखिम बहन हुने अवस्था देखिएन । तसर्थ बिमाको उद्देश्य अनुरुप नभएकोले सो अनुरुप हुने गरी प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु

४९

निर्माण कार्य ३,३०८,८७०

योजना संचालन गर्दा स्पष्ट स्थान पहिचान हुने गरी एकिकृत लागत अनुमान तयार गरी एउटै लागत अनुमानको कार्य उपयुक्त खरिद विधि तय गरी गराउनु पर्दछ । यस सडकको निम्नानुसार कार्य गरेको पाइयो ।

गो भौ नं र मिति	योजनाको नाम	सामानको नाम	सप्लायर्सको को नाम	जिल्ला दर रेट	सप्लायर्सको रेट	फरक
79/078.03.28	वडा नं ६ को को सिचाई आयोजना	ओ पि सि सिमेन्ट	मनकामना सप्लायर्स	954	680	274
	चरिह्याङ्ग संध सडक आयोजना	ओ पि सि सिमेन्ट	नू भिमेश्वर हार्डवयर एण्ड सप्लायर्स	954	790	163
15/078.3.23	हिमालय इन्टिच्यूट निर्माण उ स	औ पि सि सिमेन्ट	मनकामना सप्यार्स	954	680	274

क) शुरु लागत अनुमानको ठेक्कामा बचत भएको रकमबाट दोस्रोपटक ठेक्का व्यवस्था गरेको र सो मा समेत रकम बचत भए पश्यातबाट उपभोक्ता समिति मार्फत कार्य गराएको पाइयो । एउटै सडकमा एउटै प्रकृतिको कार्य तिन पटक गराएकोमा चेनेज स्पष्ट गरेको देखिएन ।

ख) सार्वजनिक खरिद ऐन 2058 को दफा 54(क) ५ प्रतिशत सम्मको भेरियसन रा प द्धितिय श्रेणीको अधिकृत बाट स्वीकृत हुने र सो भन्दा बढीको भेरियसन माथिल्लो तहबाट हुने व्यवस्था रहेकोमा प्याकेज १ र २ मा क्रमश: ११९८४८८(14.48 प्रतिशत) र 440382(9.58 प्रतिशत) को भेरियसन प्रमूख प्रशासकिय अधिकृत बाट स्वीकृत भएको देखिन्छ ।अत ऐनको सिमा भन्दा बढीको स्कीकृत गरेको नियम सँगत नदेखिएको रु.

ग) प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि 2077 को बुदा नं 8(घ) मा समपुरक अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन भन्ने व्यवस्था भएकोमा नगरपालिकाले पाटीखोला-उखुबारी कुप्रि सेरा सडकमा उपभोक्ता समिति मार्फत कार्य गराई रु 3500000 भुक्तानी भएकोमा समपुरक अनुदान बापतको रकम कार्यविधि विपरित खर्च भएको रु.

५० **भटमासे जिलु सडक निर्माण** ८,६१५

भटमासे जिलु सडक को प्याकेज नं 2 का निर्माण व्यवसायीलाई सम्झौतामा नभएको पोलिथिन पाइप राख्ने कार्य वापत रु 373 का दरले रु 15669 भुक्तानी दिएकोले ठेक्का अंक 55 ले घटेको आधारमा रु 8617 घटाई रु 7051 भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी भएको रु

५१ **स्मार्ट बत्ति जडान**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 125 अनुसार कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेमा स्मार्ट सडक बत्ती जडान बापत बिद्युत प्राधिकरणलाई रु. 1029397 भुक्तानी दिएकोमा कार्यसम्पन्न गरेको प्रमाण पेश गर्नुपर्दछ ।

५२ **सुचना केन्द्र भवन निर्माण** ३,०४४,७३७

सार्वजनिक खरिद निमयावली 2064 को नियम ६(3) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्नुहुदैन भन्ने व्यवस्था छ ।सूचना केन्द्र सहितको भिमेश्वर प्रवेशद्धार निर्माण कार्यको लागि ठेक्का आव्हान गर्दा 38.75 प्रतिशत घटीमा कवोल गर्ने श्री माता मनकामना विल्डर्सको रु. 10289512 स्वीकृत भै सम्झौता अनुसार निर्माण कार्य 2077 अषाढ 15 गते सम्पन्न गर्नुपर्नेमा 2078.03.31 सम्म (100%) म्याद थप गरी हालसम्म रु 7244775 को कार्य भएको देखिन्छ । आयोजना लामोसाँधु जिरी सडक अन्तर्गत पर्ने र सो खण्डको निर्माण कार्य रोकिएको कारण सडकको केन्द्र रेखा तथा अन्तिम लेवल एकिन हुननसकेकोले थप निर्माण कार्य अगाडि बढाउन उचित नदेखिएको भनी कार्यपालिकाको मिति 2078.2.21 को निर्णय नं 2 बाट सार्वजनिक खरिद ऐनको दफा 59(४) बमोजिम सुविस्थाको आधारमा सम्झौता अन्त्य गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् ।

क) सार्वजनिक खरिद नियमावली 2064 को निमय 128(घ) मा ठेक्का निर्माणको जिम्मा ठेक्का कवोल गर्ने ठेकेदारको रहेको उल्लेख छ । जसअनुरुप ठेक्का व्यवस्थापन भई लागत अनुमानको करिव ३९ प्रतिशत घटीमा कार्य गर्न मन्जुर निर्माण व्यवसायीको ठेक्का रद्ध गरी पून: कार्य गराउदा लागत बढ्ने अवस्था देखिएको तथा लामो साँधुजिरी सडक निर्माणको कार्य धेरै वर्ष अगाडि देखि संचालन भएकोले यस ठेक्का कार्य अघि वढाउदा सडक निर्माण सँग सम्बन्धित

			पक्षलाई मनन गर्नुपर्नेमा नगरेको कारण लगानी गरेको रकम खेर जाने अवस्था देखिएकोले सार्वजनिक हितको लागि खरिद सम्झौता अन्त्य गरेको भन्न मिल्ने देखिएन तसर्थ बाँकी कार्य निज निर्माण व्यवसायीसँग नै कार्य गराउनु पर्ने देखिएको रु.	
५३			**भुल भुले औधोगिक ग्राम निर्माण** भि न पा 7 भुलभुलेमा औधोगिक ग्राम पूर्वाधार निर्माण कार्यको लागत अनुमान रु.10375826 (मू अ कर समेत) भएकोमा सवैभन्दा घटि कवोल गर्ने राउत व्रदर्श कन्सट्रक्सन एण्ड ड्रिलिङ्ग प्रा लि सँग 4796798 मा सम्झौता भएको देखिन्छ । उक्त निर्माण कार्यको 4795169 को कार्य भइ 78।1।23 मा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् । क) सार्वजनिक खरिद नियमावली 2064 को नियम 112 अनुसार १० लाख भन्दा माथीको निर्माण कार्यको लागि विमा गर्नुपर्ने व्यवस्था रहेको छ । ठेक्का अवधि 2077.7.26 देखि 2078.1.30 सम्म रहेकोले मर्मत सम्भार अवधि समेत 2079.2.30 सम्मको जोखिम वहन हुने गरी विमा गर्नुपर्नेमा 2077.12.24 देखि 2078.2.31 सम्मको मात्र विमा गरेकोले विमाको उद्द्वेश्य अनुरुप जोखिम वहन नभएकोले विमा बापत भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु ख) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य नियमावली 2077 को नियम 39(10) मा खर्च लेख्न जिम्मेवार व्यक्तिले कागजात पेश भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन उपयुक्त भए नभएको एकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले प्रथम रनिङ्ग विल बापत भौ नं 152/2077.9.24 बाट रु. 1771339 भुक्तानी भएकोमा दोस्रो रनिङ्ग विल भुक्तानी गर्दा 1768107 मात्र घटाएकोले बढी भुक्तानी भएको रु. 3231 असुल गरी दाखिला गर्नुपर्ने रु.	५३,२३१
५४			**म्याद थप** सार्वजनिक खरिद नियमावली 2064 को नियम 120(3)3 मा 15 प्रतिशत सम्मको म्याद थप गर्नुपरेमा वोलपत्र स्वीकृत गर्ने अधिकारीले र सो भन्दा माथी बढीमा 25 प्रतिशत सम्म अवधि सम्मको म्याद थप गर्नुपर्ने भएमा विभागिय प्रमूखले थप गर्न सक्ने व्यवस्था छ । कार्यालयको सहायक प्रशासनिक भवन निर्माण कार्यको लागत अनुमान रु.19743587 रहेकोमा 2076.9.30 सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी अविसा निर्माण सेवा सँग 2076.2.29 मा रु 12225541 को सम्झौता भएकोमा रु. 14187669 को कार्य भइ 2077.7.26 मा निर्माण कार्य सम्पन्न भएको देखिन्छ । प्रथम पटक प्रमूख प्रशासकिय अधिकृतबाट सेरवालमा पहिरो गई कार्य अवरोध भएको उल्लेख गरी 2077.1.30 सम्म म्याद थप भएकोमा पुन: प्रमूख प्रशासकिय अधिकृतबाट कारण उल्लेख नगरी 2077.7.30 सम्म म्याद थप गरेको देखिन्छ । उक्त म्याद थप नियमावली नियम 120(3) अनुसार देखिएन । क) सार्वजनिक खरिद ऐन 2063 को दफा ५४(1) मा पाँच प्रतिशत सम्मको भेरियसन राजपत्राङ्कित द्वितिय श्रेणीले प्रतिशत सम्म प्रथम श्रेणी र 25 प्रतिशत सम्म सम्बन्धित निकायको प्रमूखले स्वीकृत गर्न सक्ने व्यवस्था छ । निर्माण कार्यको सम्झौता 16.04 प्रतिशत भेरियसन भएकोमा तोकीएको अधिकारीहरुबाट भेरिएसन स्वीकृत भएको नदेखिएको रु	१,९६२,१२८
५५			**विमाको म्याद थप** लागत अनुमान रु.६५३८१६६६।३१ रहेको कभर्डहल निर्माण कार्यको लागि वोलपत्र आब्हान गरिएकोमा निर्माण ब्यवसायि अविसा श्याम सुन्दर जे भि को रु.६४५५३९४०।७८ को कबोल अंक स्विकृत भई निर्माण ब्यवसायि र नगरपालिका विच ०७६।१२।१ मा संम्झौता भई गत वर्ष सम्ममा प्रथम रनिङ्ग विल रु 3966000 भुक्तानी भएकोमा यस वर्ष दोस्रो रनिङ्ग विल बापत ठेकेदारलाई रु 9172653.69 भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको व्ययहोरा निम्न छन् । क) विमा वापत रु 544419 भुक्तानी भएकोमा ठेक्का अवधि र मर्मत सभार अवधिको समेत जोखिम बहन हुने गरी विमा गर्नुपर्नेमा कार्य शुरु भइसकेपछिमात्र विमा गरेको तथा ठेक्काको म्याद थप भए अनुसार विमाको म्याद थप नभएकोले विमाको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने	५४४,४१९
५६			**पटके कर**	
५६.१			आयकर ऐन २०५८ को दफा 89,88 र 90 मा करयोग्य आय भएका कर्मचारीले नियमानुसार कर भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका कर्मचारीको पारिश्र मिक करको १० प्रतिशत सीमा छुने भएतापनि अतिरिक्त समय काम गरेबापत भुक्तान भएको भत्तामा १ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी गरेको छ । अत नपुग ९ प्रतिशतले हुने निम्नानुसारको असुल गर्नुपर्ने देखिएको रु	१५,६२९

कर्मचारीको नाम	भत्ता वापत भुक्तानी रकम	कट्टी गर्नुपर्ने कर	कट्टी भएको कर	असुल हुनुपर्ने कर
रिना ला मिछाने	८८८३६	८८८४	८८८	७९९६
हिमशैल खड्का	८०७६०	८०७६	८०७	७२६९
विदुर खतिवडा	४०३८	४०४	४०	३६४
जम्मा	१७३६३४	१७३६४	१७३५	१५६२९

५६.२ त्यस्तै गरी गो भौ नै 219/077.12.09 बाट निम्नानुसार कर्मचरीको १० प्रतिशत कर कट्टी गरी बाँकी रकम भुक्तानी दिनुपर्नेमा १ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी दिएको छ अत नपुग ९ प्रतिशतले हुने निम्नानुसारको असुल गर्नुपर्ने देखिएको रु १२,५९९

कर्मचारीको नाम	भत्ता वापत भुक्तानी रकम	कट्टी गर्नुपर्ने कर	कट्टी भएको कर	असुल हुनुपर्ने कर
रिना ला मिछाने	34996	3499	349	3150
हिम शैल खड्का	51148	5114	511	4603
राजेश घि मिरे	25574	2557	255	2302
सुनिल मुक्नान	16152	1615	161	1454
घनलाल दोङ्ग तामाङ्ग	12114	1211	121	1090
जम्मा	139984	13996	1397	12599

५७ **न्यानो झोला खरिद** १००,०००

सार्वजनिक खरिद नियमावली 2064 को नियम ८(१) अनुसार सार्वजनिक निकायले आफुलाई आवस्यक पर्ने मालसामनको वार्षिक योजना तयार गरी सोही अनुसारको मितव्ययी खरिद प्रकृया अनुरुप मालसामान खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले न्यानो झोला खरिद का लागि ५ लाख भन्दा साना ३ टुक्रा बनाई १५०० थान न्यानो झोला खरिद गर्दा निम्नानुसारका व्यहोरा देखिन्छ ।

क) गत विगत वर्षको खपत र यस वर्षको जनसंख्या बृद्धिदरमा खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको पाईएन।

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा 5 देखि 20 सम्म लागत अनुमान भएको खरिद कार्यको लागि सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा ५ लाख भन्दा साना ३ वटा टुक्रा बनाई खरिद गरेको ।

ग) शुरुको खरिद टुक्रे प्याकेजमा जगदम्वा सप्लायर्सबाट रु.900 मा प्रति पिस न्यानो झोला खरिद गरी सकेपछि पुन: न्यानो झोला खरिद गर्दा सोहि कम्पनीबाट सोही रेटमा खरिद नगरी अन्य २ कम्पनी सँग फरक फरक सप्लायर्स अप्सरा प्रोडक्सन एण्ड सप्लायर्स सँग गो भौ नं 217/078.2.27 बाट प्रति न्यानो झोला बापत रु 999 का दरले ५०० थानको रु 499460 मा र सिंगापुर ट्रेड कन्सर्नबाट प्रति व्याग 999 का दरले गो भौ नं 351/078.3.29 बाट ५०० थानको रु. 499460 भुक्तानी भएको छ । यसरी १००० थान न्यानो झोला खरिद गर्दा अघिल्लो खरिदको तुलनामा बढी मूल्यमा खरिद गरी बढी व्ययभार भएको रु.

५८			**प्रमाण कागजात** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(१०) विल भरपाई तथा प्रमाण कागजात सहित लेखा राख्नुपर्ने र सो को औचित्यको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नानुसार गो भौ र मितिबाट भुक्तानीमा निम्नानुसारको व्यहोरा देखिएको हुदा कागजात सहित भुक्तानी दिनुपर्दछ ।	

गो भौ नं र मिति	कार्यक्रमको नाम	कागजात	रकम
92/077.01.04	गरिव पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम	कार्यविधि नभएको	122000
२29/078.3.7	ल्याव व्यवस्थापन तथा प्रति विद्यार्थी लागत बापत अनुदान	कार्यविधि नभएको	1635000
266/078.03.17	पाठ्यपुष्तक वापत दोस्रो किस्ता बापतको भुक्तानी	विल तथा विद्यार्थीको भर्ना विल पेश नभएको	669000
286/078.3.12	नया बहुउद्वेश्य नर्सरी स्थापना	कार्य सम्पन्न प्रतिवेदन पेश नभएको ।	197000
75/077.10.02	गोरी शंकर मिडिया प्रा लि लाई सामाजिक परिक्षण वापत को भुक्तानी	कार्यक्रम सम्पन्न पेश नभएको	99999
278/078.3.21	किवि पकेट विकास कार्यक्रम	अनुगमन प्रतिवेदन नभएको	1339108
जम्मा			4062107

५९			**खोला उखुबारी कुप्री सडक** प्रदेश समपुरक अनुदानबाट निर्माण हुने गरी रु.१ करोड प्राप्त भएकोमा यस पारी खोला उखुबारी कुप्री सडक अन्तर्गत निम्नानुसार कार्य गरेको देखिन्छ ।	३,१२४,७२६

प्याकेज	निर्माण कार्य विवरण	निर्माण कार्य	लागत अनुमान	स्वीकृत रकम	भुक्तानी रकम
प्याकेज नं १	नाली निर्माण सुख्खा सोलिङ्ग पि पि सी , आर सि सि	डि मुन कन्स्ट्रक्सन	19275394	9350247	9875928
प्याकेज नं 2	नाली निर्माण सुख्खा सोलिङ्ग पि पि सी , आर सि सि	अमूल एण्ड स्नेहा कन्ट्रक्सन	8840795	4187253	4180362
प्याकेज नं ३	नाली निर्माण सोलिङ्ग गाह्रो लगाउने	उपभोक्ता समिति	6208255.44	5100000	5100000

क) शुरु लागत अनुमानको ठेक्कामा बचत भएको रकमबाट दोस्रोपटक ठेक्का व्यवस्था गरेको र सो मा समेत रकम बचतभएकोले बाट उपभोक्ता समिति मार्फत कार्य गराएको पाइयो । एउटै सडकमा एउटै प्रकृतिको कार्य तिन पटक गराएकोमा चेनेज स्पष्ट गरेको देखिएन ।

ख) प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि 2077 कझ बुदा नं 8(घ) मा समपुरक अनुदान प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाईने छैन भन्ने व्यवस्था भएकोमा नगरपालिकाले पाटीखोला-उखुबारी कुप्रि सेरा सडकमा उपभोक्ता समिति मार्फत कार्य गराई रु 5100000 भुक्तानी भएकोमा समपुरक अनुदान बापतको रकम कार्यविधि विपरित खर्च भएको रु.

ग) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४(१ क) मा खरिद गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई ५ प्रतिशत सम्मको भरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्धितिय श्रेणी वा सो सरहको प्रमूखले स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ । पार्टि खोला उख्खुवारी कुप्री सडकको प्याकेज १ मा ५२५६८१ (५.६ प्रतिशत) को भेरियसन प्रमूख प्रशासकिय अधिकृत बाट स्वीकृत भएको देखिन्छ । तसर्थ ऐनको व्यवस्था भन्दा बढीको भेरियसन स्वीकृत भएको रु

घ) आय कर ऐन 2058 को दफा 9 मा उपभोक्ता समितिको 50 लाख भन्दा बढिको भुक्तानीमा 1.5 प्रतिशतका दरले अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था अनुसार 51 लाखको 1.5 प्रतिशतका दरले हुने रु. 76500 कट्टा गर्नुपर्नेमा रु 27455 कट्टी भएकोले बाँकी रकम असुल गरी दाखिला गर्नुपर्ने रु

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>मर्याङ्गखोला दोलखा वेशी सिंचाई परियोजना
सार्वजनिक खरिद नियमावली 2064 को नियम ११७ अनुसार निर्माण कार्य सम्पन्न भएपछि कार्यस्वीकार प्रतिवेदन तयार गरी सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । जस अनुसार मर्याङ्गखोला दोलखा वेशी सिंचाई परियोजनाको लागत अनुमान रु 18677894 रहेकोमा प्रथम घटिवाला श्री आर आर विल्डर्सको रु 8956820 स्वीकृत गरी 2078.3.30 मा सम्पन्न गर्ने गरी 2077.12.26 मा सम्झौता गरेकोमा 2078.3.30 सम्म रु 3606809 को मात्र कार्य भएको भनी रु 3606809 भुक्तानी भएको छ । नियममानुसार म्याद थप गरी बाँकी रु. 5350011 को कार्य गराई योजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>प्रतिवेदन</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>कार्यक्रम कार्यान्वियन पुष्तिका 2077 को बुदा नं ८ को विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको सव वुदा नं 8.2 मा स्थानीय तह अन्तर्गत निर्माण हुने भौतिक पूर्वाधार स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरिवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले क्षमादेवी मा.वि. लाई भवन सुधार कार्यको लागि 281/078.3.21 बाट रु. 5000000 भुक्तानी भएको छ । साथै उक्त भुक्तानी भएको चेक रोक्का राख्न मिति 2078।3।22 मा नेपाल बैक लि मिटेड लाई पत्र लेखेको छ ।उक्त भवन निर्माण सम्वन्धि आफ्ना प्राविधिकबाट सुपरिवेक्षण नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन । अत उक्त कार्यसँग सम्वन्धि सुपरिवेक्षण एंव कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने साथै आधिकारीक निकायबाट अनुमगन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>५०,०००,०००</td></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।नगरपालिकाले शिक्षण सहयोगी अनुदानको शिर्षक अन्तर्गत विभिन्न विद्यालयलाई अग्रेजी , गणित र विज्ञान विषयको अध्ययन गराउनको लागि थप अनुदान भनी विभिन्न ६ वटा विद्यालयलाई 215000 देखि 362400 सम्मका दरले गरी कुल रु 1725000 भुक्तानी प्रदान गरेको छ । उक्त अनुदानबाट विद्यालयले के कस्ता शिक्षण सहयोगी कार्यक्रम संचालन गरेको हो , सो सम्वन्धमा आवस्यक कागजात पेश गर्दै कार्यालयले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१,७२५,०००</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>अनुगमन प्रतिवेदन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी खर्च गर्दा खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने, त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(छ) मा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रको स्थानीयस्तरका आयोजना, परियोजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्नुपर्ने व्यवस्था उल्लेख छ।तर कार्यालयले निम्न कार्यक्रममा दिएको अनुदान खर्चको बिल, भर्पाई, प्रमाण तथा कागजात पेश नभएको, साथै वितरित अनुदानको सही सदुपयोग भए-नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गरेको पाईएन। अतः कार्यालयले निम्न कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>गो.भौ- मिति</th><th>खर्च शिर्षक</th><th>निकासा\अनुदान दिइएको निकाय</th><th>खर्च रकम</th></tr>
<tr><td>1.</td><td>४१३-०७७।१२।०४</td><td>क्षमावती मा.वि.स्रोत व्यक्ति पारिश्र मिक</td><td>क्षमावती मा.वि.</td><td>५०००००</td></tr>
<tr><td>2.</td><td>६५९-०७८।०३।१७</td><td>अंग्रेजी माध्यमको पुस्तक साझेदारी कार्यक्रम, पुस्तक सामाग्री</td><td>४३ विद्यालय</td><td>७७६६०५</td></tr>
<tr><td>3.</td><td>६७७-०७८।०३।१५</td><td>किशोर-किशोरी लक्षित जीवन उपयोगी विकास कार्यक्रम</td><td>महिला शिक्षा र लैङ्गिक समावेशीकरण</td><td>१८०१००</td></tr>
<tr><td>4.</td><td></td><td></td><td></td><td>1456705</td></tr>
</table></td><td>१,४५६,७०५</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन</td><td>९,७००,०००</td></tr>
</table>

			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(5) प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमि द्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुँदा नं. ८.३ मा कार्यक्रम कार्यान्वयन पुष्तिका 2077 को बुदा नं ८ को विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको सव वुदा नं 8.2 मा स्थानीय तह अन्तर्गत निर्माण हुने भौतिक पूर्वाधार निर्माण कार्यको स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरिवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । ।नगरपालिकाले नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियन बापतको अनुदान बापत क्षमादेवी मा वि लाई रु. 9800000 भुक्तानी दिएको छ ।कार्यालयले विद्यालयको भौतिक निर्माण सम्वन्धी कुनै पनि कागजात तथा प्रगति प्रतिवेदन पेश नभएको कारण कार्यक्रम कार्यान्वयन पुस्तिकाको ब्यवस्था एवं सार्वजनिक खरिद ऐन नियमावलि तथा विद्यालय खरिद दिग्दर्शन समेत पालना गरेको पाइएन । अनुदान बापत भुक्तानि भएको रकमको कार्य अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.	
६४			**विपद व्यवस्थापन** क) समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको गठन भएतापनि नियमित रुपमा बैठक बस्ने गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । ख) कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू नगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । ग) विपद् व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात र आम्दानी समेत रु. 86883789 आम्दानी भएकोमा रु. 44186249 खर्च गरी बाँकी रु. 42697540 देखिन्छ । घ) वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
६५			**विद्यालय सुधार को क्षेत्र** क) कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार स्थानीय निकायले आफु मातहतका विद्यालयको शैक्षिक गुणस्तर सम्वन्धि अवस्थाको अध्ययन गरी सो प्रतिवेदन तयार गरी शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्नेमा सो गरेको पाईएन । आगामि दिनमा सो कार्यमा सुधार गर्नुपर्दछ । ख) निकासा खाता : नगरपालिकाले प्रत्येक विद्यालयलाई प्रदान गरिने निकासा गरिने रकमको विद्यालयगत निकासा अभिलेख खाता तयार गरी भुक्तानी दिनुपर्नेमा सो गरेको पाइएन । ग) शुल्क निर्धारिण : कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार स्थानीय निकायले आफु क्षेत्र भित्रका निजि क्षेत्रका विद्यालयको शुल्क निर्धारण सम्वन्धि अनुगमन गरी नियन्त्रण गर्नुपर्नेमा सो गरेको पाईएन ।सो कार्यमा सुधार गर्नुपर्दछ ।	
६६			**औषधि खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा २० लाख रुपैया भन्दा माथिको लागत अनुमान भएको सामाग्रीको वोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । जस विपरित कार्यलयले यस वर्ष सिलबन्दी दरभाउपत्रको माध्यमबाट 94 आइटमको औषधीको लागि रु 3000000 लागत अनुमान गरी कम रकम मा ठेक्का सकार गर्ने श्री सेतिदेवी मेडिसिन सप्लायर्स सँग रु 2880971 भुक्तानी दिने सम्झौता गरी गो भौ नं 99/077.11.25 रकम भुक्तानी भएको छ । सम्झौता अनुरुप सामाग्री सप्लाई गरेको भनी उक्त सप्लायर्सलाई भुक्तानी भएकोमा निम्नानुसार व्यहोरा देखिएका छन् ।	२९,१९१

			क) सम्झौता अनुरुप 94 आइटम औषधि भुक्तानी बापत रु 2880971 दिने भनी सम्झौता भएकोमा रु 2910162 भुक्तानी गरी बढी भुक्तानी भएको रु. 29191 असुल गरी दाखिला गर्नुपर्ने रु ख) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । ग) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन । घ) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । ङ) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको पाईएन । च)औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको देखिएकोले खर्च प्रकृया पारदर्शि देखिएन ।	
६७			**प्रमाण पेश** नगरपालिकाले परम्परागत धार्मिक तथा बैकल्पिक विद्यालय संचालन अनुदान शिर्षक अन्तर्गत २ विद्यालय श्री भिमेश्वर मा वि लाई 112000 र कालिन्चोक मा वि लाई ४०००० समेत रु 152000 अनुदान रकम उपलव्ध गराएको छ । उक्त विद्यालयमा परम्पारगत धार्मिक तथा बैकल्पिक विद्यालय संचालन भएको प्रमाण पेश गर्नुपर्ने रु.	१५२,०००
६८			**विपन्न श्र मिक ज्याला नामक कार्यक्रम** नेपाल संविधानमा उल्लेख भएको रोजगारीको हक अनुरुप प्रत्येक स्थानीय तहमा संचालन भएको विपन्न श्र मिक ज्याला नामक कार्यक्रमबाट 100 जना विपन्न तथा वेरोजगार युवालाई 100 दिन सम्म प्रति दिन 517 का दरले रु. 5170000 खर्च भएकोमा निम्नानुसारको विवरण देखियो । क) नगरपालिकाले आफ्नो मातहतमा बेरोजगार तथा विपन्न नागरिकको सुची तयार गरी प्रकासन गरेको देखिएन । दिर्घकालिन योजना तयार नगरी अल्पकालिन योजनामा डोर हाजिरीको माध्यमबाट रकम भुक्तानी गरेको देखियो । ख) निर्माण कार्यमा प्रयोग हुने विभिन्न औजार सामाग्री तथा ढुङ्गा गिट्टी सिमेन्ट जस्ता अत्यावस्यक सामाग्रि सम्वन्धी विवरण संलग्न नभएको र डोर हाजिरीको र प्राविधिक मूल्याङ्कन गरेको भरमा कार्य सम्पन्न भएको भनी एकिन गर्ने आधार नभएको एंव कार्यक्रमको यथार्थपरक तवरले अनुगमन तथा मूल्याङ्कन नभएको कारण उक्त कार्यक्रमबाट विपन्न नागरिकको जीवन सकरात्मक परिवर्तन भएको भनी एकिन गर्ने आधार देखिएन ।	
६९			**लागत साझेदारीमा चौरी संरक्षण कर्यक्रम अन्तर्गत गणेश घुम्ती चौरी चरण समूह** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को निमय 39(10) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्नु वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ ।लागत साझेदारीमा चौरी संरक्षण कर्यक्रम अन्तर्गत गणेश घुम्ती चौरी चरण समूहलाई गो भौ नं 288/078.3.22 बाट रु 1673200 को लागत अनुमान तयार गरी कार्यालयबाट रु 838600 भुक्तानी भएको श्रेस्ता परिक्षण गर्दा निम्नानुसार को व्यहोरा देखियो । क) प्रति चौरीगाई रु 60000 का दरले भुक्तानी दिएको रकमको लागत आधार पेश नभएकोले सो को आधार पेश गर्नुपर्दछ । ख) चौरी गाँई 20 वटा को रकम फुर्वा शेर्पा लाई प्रदान गरेको भनी हस्ताक्षरित भरपाईको आधारमा रु. १२ लाख रकम बुझाएको देखिन्छ । एकै व्यक्तिलाई ठूलो परिमाणमा चौरी पालन वापत भुक्तानी दिने कार्यविधि एंव प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्दछ । ग) गाई २० वटाको विमा बापत रु. 12600 भुक्तानी भएकोमा विमाको पोलिसी विलमा गाई र त्यसको विवरण नदेखिएकोले विमा बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. घ) चौरी वितरण कार्यक्रमको उद्देश्य अनुरुप लाभग्राहीहरुले लाभ प्राप्त गरे नगरेको एवम् उपलव्धी सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।	१२,६००
७०			**बढी भुक्तानी**	५,८००

अर्थ मन्त्रालयद्धारा जारी कार्यक्रम संचालन निर्देशिका 2075 को दफा 7 अनुसार २ दिन सम्म संचालन हुने कार्यक्रममा यातायातको साधनको न्यूनतम मूल्य वा 200 सम्म यातायात खर्च प्रदान गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकिकृत व्यवस्थापन कार्यक्रमको समिक्षा तथा विभिन्न संस्थालाई अनलाईन कोचिङ्ग कार्यक्रममा गो भौ नं 230/078.3.7 बाट रु . १००००० खर्च गरेकोमा 13 जना सहभागीलाई रु . 200 का दरले यातायात खर्च भनी रु 2600 भुक्तानी गर्नुपर्नेमा रु 8400 भुक्तानी गरी रु 5800 बढी भुक्तानी भएको छ । अत वढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

७१

अनुगमन प्रतिवेदन

७,२००,०००

कार्यक्रम कार्यान्वयन पुष्तिका 2077 को बुदा नं ८ को विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानको सव बुदा नं 8.2 मा स्थानीय तह अन्तर्गत निर्माण हुने भौतिक पूर्वाधारको स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरिवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले कालिन्चोक मा वि लाई छात्रबास निर्माण भनी गो भौ नं 65/078.3.25 बाट रु. 7200000 भुक्तानी भएको छ ।उक्त भवन निर्माण सम्वन्धि आफ्ना प्राविधिकबाट सुपरिवेक्षण गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन । अत उक्त कार्यसँग सम्वन्धि प्राविधिक प्रतिवेदन सहित कागजात पेश गर्नुपर्ने साथै अनुमगन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

७२

बैठक भत्ता

अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका 2075 को बुदा नं 7.1.1 मा बैठक भत्ता प्राप्त गर्नको लागि बैठकको स्पष्ट विषयवस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अघि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिति रहेको बैठक हुन नहुने, कानून अनुसार गठित समितिको बैठक हुनुपर्ने तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर विशेषज्ञता आवश्यक पर्ने बैठकमा ३ जना सम्म आमन्त्रित भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा नं 73(6) मा प्रमूख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले माथि उल्लेखित निर्देशिका बमोजिम बाहेकको बैठकहरुमा समेत स्थानीय सरकार संचालन ऐनको २०७४ को दफा ७४(६) बमोजिम बैठक भत्ता मितव्ययिता सम्वन्धि कुनै कानूनी व्यवस्था नगरी भत्ता वितरण गरेको हुदा यस प्रकारको बैठक भत्ता वितरण कार्यलाई नियमित र मितव्ययी मान्न सकिएन ।

सि.नं.	गो.भौ.- मिति	बैठक समिति	खर्च शिर्षक	खर्च रकम	बैठक संख्या
१	४५३-०७७।१२।०८	आर्थिक विकास समिति	पदाधिकारी बैठक भत्ता	४७०००	१७ जनाको कुल ४६
२	६१८-०७८।०३।११	बाल अधिकार समिति	बालमैत्री लगानी योजना कार्यान्वयन	४६०००	२० जनाको कुल ४६
३	६३२-०७८।०३।१५	बोलपत्र मूल्याङ्कन समिति	पदाधिकारी बैठक भत्ता	१४२५००	१० जनाको कुल ९५
1. ४	६६४-०७८।०३।१७	नगर शिक्षा समिति	नगर शिक्षा समिति	१२००००	२२ जनाको कुल १२०
५	६९३-०७८।०३।२३	बोलपत्र मूल्याङ्कन समिति	पदाधिकारी\कर्मचारी बैठक भत्ता	२९८५००	११ जनाको कुल १९९
६	७०६-०७८।०३।२४	लैङ्गिक हिंसा कोष संचालन समिति	पदाधिकारी बैठक भत्ता	७०००	-

७३

पटके कर

१८,०००

स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहका कर्मचारीको सेवा सुविधा सम्वन्धि व्यवस्थामा कानून बनाई सेवा सुविधा दिनसक्ने उल्लेख गरेको छ ।कार्यालयले अधिकृतस्तर दशौ तहका रामचन्द्र पौडेललाई कार्यपालिकाको निर्णयबाट घरभाडा सुविधा बापत मासिक रु.१०००० का दरले घरभाडा तथा सवारी साधन मर्मत खर्च शिर्षकबाट वर्षभरी रु.१२०००० खर्च लेखेको पाईयो। तर सुविधा सम्वन्धि कानूनी व्यवस्था गरेको देखिएन ।कार्यालयको कुनै व्यक्तिलाई विशेष आवासिय सुविधा दिनुभन्दा आवश्यक कर्मचारीहरुलाई समान सेवा, सुविधा स्वरुप कार्यालयले नै आवासिय सुविधाको प्रवन्ध गरी कार्यालय खर्चमा मितव्ययिता ल्याउने तर्फ ध्यानदिनु पर्दछ।उक्त थप सुविधा रकम व्यक्तिको पारिश्रमिक आयमा समावेश नगरेकाले आयकर ऐन, २०५८ को दफा ९२(ज)मा व्यवस्था गरिएकोले पटके करको रुपमा (१५%) कर असुल हुनुपर्ने रु.

७४

भ्रमण खर्च

<table>
<tr><td></td><td></td><td></td><td>कार्यालयले भ्रमण खर्च शिर्षकबाट कर्मचारीहरुको दैनिक भ्रमण भत्ता बापत रु.१६५१००० र अनुगमन, मूल्याङ्कन खर्च शिर्षकबाट पदाधिकारीको अनुगमन, भ्रमण खर्च रु.५७७००० गरी जम्मा रु.२२२८००० लेखेको छ। भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी\कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक बील, भर्पाई पेश गर्नुपर्ने र त्यसैगरी नियम २१ मा तोकिएको ढाँचामा भ्रमण आदेश नम्बर सहित भ्रमण गर्ने पदाधिकारी\कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ। तर कार्यालयको अधिकांश भ्रमण खर्च लेख्दा भ्रमण अभिलेख नराखी भ्रमण प्रतिवेदन बिना नै खर्च लेखेको छ । त्यसैगरी पदाधिकारी भ्रमण खर्च समेत अनुगमन प्रतिवेदन बिना नै खर्च लेखेको पाईएकाले नियमानुसार अभिलेख र प्रतिवेदन संलग्न गरेर मात्र खर्च लेख्ने कार्य गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम
प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १० ओटा योजना संचालन गरी निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 121 जनालाई रोजगारी उपलव्ध गराई खर्च गरेको छ । लक्षित वर्गलाई 80 दिनदेखि 100 दिनसम्म रोजगारी उपलब्ध गराई श्र मिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत संचालित योजनाको १०० प्रगति रहेको छ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>विपद व्यवस्थापन
कार्यालय सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमः कार्यालयले संघीय सशर्तबाट प्राप्त हुने जेष्ठ नागरिक, जेष्ठ नागरिक(अन्य), एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग, लोपोन्मुख आदिवासी\जनजाती, दलित बालबालिकाका लागि प्रदान गरिने सामाजिक सुरक्षा भत्ता बाहेक नगरपालिकाकै आन्तरिक स्रोतबाट जेष्ठ नागरिक (७५ वर्ष माथि) र सुत्केरी महिला पोषण खर्च बापत वार्षिक रु. १००० का दरले सामाजिक सुरक्षा बापत जम्मा रु.१४५७००० खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>कोभिड
स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु. 20 संघीय संचित कोषबाट रु 16 लाख 50 हजार गरी जम्मा रु 36 लाख ५० हजार प्राप्त भएकोमा निम्नानुसार रु 36 लाख 50 हजार खर्च भएको छ ।
<table>
<tr><th>क्र सं</th><th>शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>स्वास्थ्य सामाग्री खरिद</td><td>100000</td></tr>
<tr><td>२</td><td>क्वारेन्टाईन होल्डिन तथा आइसोलर्सन सेन्टर निर्माण</td><td>465000</td></tr>
<tr><td>३</td><td>जनशक्ती परिचालन (स्टाफ नर्श र मे अ को तलव भत्ता)</td><td>1150000</td></tr>
<tr><td>४</td><td>औषधी एंव उपकरण र प्रयोगशाला सामाग्री</td><td>500000</td></tr>
<tr><td>५</td><td>पोषण यातायात र मृत्यु संस्कार बापत राहत वितरण</td><td>1435000</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td>3650000</td></tr>
</table>
क) पालिकाले अस्थाई कोभिड अस्पतालमा काम गरेको भनि मेडिकल अधिकृत तथा स्टाफ नर्सलाई तलव भत्ता बापत रु 1150000 खर्च लेखेको छ । कर्मचारी कोभिड ड्युटिमा खटिएको प्रमाण पेश गर्नुपर्ने रु</td><td>१,१५०,०००</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>अस्पताल विकास समिति
यस वर्ष प्रदेश सामाजिक विकास मन्त्रालयबाट प्राप्त रु १५००००००।०० आम्दानी भएकोमा निम्नानुसारको विभिन्न शिर्षकमा खर्च भएको छ ।</td><td></td></tr>
</table>

क्र स	खर्च शिर्षक	रकम
१	कर्मचारी पारिश्रमिक	5500000
२	बैठक तथा अन्य भत्ता	900000
३	मेसिनरी औजार	2000000
४	फर्निचर	500000
५	सार्वजनिक निर्माण	500000
६	औषधि खरिद	1000000
७	विजलि पानी	1000000
८	इन्धन	750000
९	मेसिन उपकरण मर्मत	700000
10	मसलन्द कार्यक्रम भम्रण खर्च तथा विविध	2137765
जम्मा		14987765

क) चरिकोटअस्पतालको लागि प्रदेश सामाजिक विकास मन्त्रालयबाट पुंजीगत (ब.उ.शि.नं.३५०००० ११११३), चालु (ब.उ.शि.नं.३५००००११११३) क्रमशः रु.३,०००,००० र रु.१,१९,८७,७६५ गरी जम्मा रु.१,४९,८७,७६५ निकासा तथा खर्च लेखेको छ। यसमा देखिएका व्यहोरा निम्नानुसार छन्।

१) चरिकोट अस्पताल नेपाल सरकारको निर्णयानुसार २०७७ मंसिर १५ गतेबाट प्रदेश अस्पतालमा अपग्रेड गरी अस्पताल संचालनको भएको देखिन्छ । अस्पतालको लागि प्रदेशबाट लेखापरीक्षणको अवधि सम्म पनि कुनै पदपूर्ति भएको देखिदैन ।वर्तमान अवस्थामा उक्त अस्पताल हाल भिमेश्वर नगरपालिका नगरप्रमूखको अध्यक्षतामा संचालक समिति गठन गरी सम्पूर्ण कर्मचारी करारमा राखी संचालन भएको देखिन्छ ।प्रदेश सरकारको मातहतमा रहेको अस्पताललाई प्रभावकारी रुपमा संचालन गरी सेवा प्रवाहलाई चुस्त बनाउनुपर्दछ ।

२) प्राप्त बजेट चालु खर्च शिर्षक अन्तर्गत अस्पतालमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक, भत्ता, ईन्धन खर्च, सवारी साधन मर्मत खर्च, मेशिनरी मर्मत, कर्मचारी भ्रमण, मसलन्द सामाग्री, औषधी खरिद आदिमा खर्च गरेको पाईयो।

३) भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी\कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार भ्रमण खर्चको बील भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक बील, भर्पाई पेश गर्नुपर्ने र त्यसैगरी नियम २१ मा तोकिएको ढाँचामा भ्रमण आदेश नम्बर सहित भ्रमण गर्ने पदाधिकारी\कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था उल्लेख छ। यस वर्ष कर्मचारी भ्रमण खर्च बापत रु. ९६८५० लेखेकोमा भ्रमण अभिलेख, आदेश नम्बर तथा भ्रमण पश्चात भ्रमण प्रतिवेदन बिना नै खर्च लेखेकाले नियमानुसार खर्च लेख्ने गर्नुपर्दछ।

७९ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षातर्फः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न निय मित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । अत लाभग्राहीको सम्पूर्ण विवरण समयमै अध्यावधिक गर्नुपर्दछ ।

क) सामाजिक सुरक्षा भत्ता निकासा\खर्चः यस आ.व.मा कार्यालयले कुल ९ वटा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरणमा रु.९,६५,२६,९७६।१३ निकासा तथा खर्च लेखेको छ।

ख) कार्यालयले सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुरुप सबै वडाहरुमा बैंक मार्फत नै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाईयो। सामाजिक सुरक्षा भत्ता रकम वडा नं.१, २, ८ को मेगा बैंक, वडा नं. ३, ४ र ९ को प्रभु बैंक र वडा नं.५, ६ र ७ को लक्ष्मी बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। KYC Update नगर्ने, एक आर्थिक वर्षको तीन किस्ता मध्ये एक किस्तापनि भत्ता नबुझेका, विभिन्न कारणले बढी निकासा भएको एवं भत्ता प्राप्त गर्न अयोग्य भई आर्थिक वर्षको अन्त्य सम्ममा लाभग्राहीको नाममा बैंक खातामा बाँकी रहेका सामाजिक सुरक्षा रकम उल्लेखित तीनवटै बैंकहरुबाट विवरण माग गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म पनि बैंक विवरण माग गरेको पाईएन।अतः कार्यालयले सबै वडाहरुको बैंक विवरण माग गरी बैंक खातामा रहेको मौज्दात रकम अभिलम्ब संघीय संचितकोषमा दाखिला गर्नु आवश्यक देखिन्छ ।

८० **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम** ४९३,७५०

लक्ष्य प्रगति :- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु ८४ लाख ४९ हजार बजेट प्राप्त भएकोमा रु. ८४ लाख ४९ हजार खर्च भई १०० प्रतिशत भौतिक प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो ।

क्र स	योजनाको नाम	आयोजनाको प्रकार	बजेट	खर्च	प्रगति	
					वित्तीय	भौतिक
1	चरिघ्यांग-टुकीसंघ सडक निर्माण	३	५००,०००	५००,०००	१००	१००
2	गौरीशंकर क्याम्पस डेस्क बेन्च खरिद कार्यक्रम	३	२,९१०,४९३	२,९१०,४९२	१००	१००
3	चरिकोट अस्पताल पूर्वाधार स्तरोन्नति	३	३,६५७,५२४	३,६५७,५२४	१००	१००
4	हिमालयन इन्स्टिच्युट पूर्वाधार निर्माण आयोजना भी.न.पा.६	६	९८७,५००	९८७,५००	१००	१००
5	नाइट भिजन हेलिप्याड निर्माण(नेपाली सेना मार्फत निर्माण)	६	४९३,७५०	४९३,७५०	१००	१००

क) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले नगरपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ ।

ख) नगरपालिकाले नाइट भिजन हेलिप्याड निर्माण बापत नेपाली सेना तारादल लाई रु. 493750 भुक्तानी गरेको छ । उक्त निर्माण कार्य एकिकृत लागत अनुमान तयार गरी नेपाली सेना कुन कुन क्षेत्रको बनाउने नगरपालिकाले कुन कुन क्षेत्रको रकम व्यहोर्ने सो कुराको एकिन नगरी हेलि प्याडको फाउन्डेसन कार्यको कार्यसम्पन्न प्रतिवेदनको आधारमा गो भौ नं 1/078.1.15 बाट रु. 493750 भुक्तानी भएको छ ।

ग) नाइट भिजन हेली प्याड नेपाली सेनाको क्षेत्र भित्र निर्माण भएको भनी रकम भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन र नापी कितावमा लाइट जडानको कार्य भएको देखिदैन । साथै नेपाली सेनाको योगदान समेत नदेखिएको हुदा कुल खर्च र लागत साझेदारी विवरण पेश हुनुपर्ने रु

८१ **प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम** ४,०९५

लक्ष्य प्रतगि :- प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार परियोजना संचालन गर्न रु. १ करोड ३७ लाख ८७ हजार बजेट प्राप्त भएकोमा रु. ८४ लाख ८७ हजार खर्च भई ६३ प्रतिशत वित्तिय प्रगति भएको छ । यस सम्वन्धमा निम्नानुसार व्यहोरा देखियो ।

क्र स	योजनाको नाम	योजनाको प्रकार	बजेट	खर्च	प्रगति	
					भौतिक	बित्तीय
1	राधाकृष्ण मन्दिर निर्माण भी.न.पा.३	३	१,०००,०००	१,०००,०००	१००	१००
2	पाटीखोला-सिमपानी-च्यानडाँडा सडक भी.न.पा.६	६	२,०००,०००	२,०००,०००	१००	१००
3	खप्तड आश्रम पूर्वधार निर्माण भी.न.पा.१	१	९८७,५००	९८७,५००	१००	१००
4	गौरीशंकर सामुदायिक पुस्तकालय भौतिक सुधार भी.न.पा.३	३	५००,०००	५००,०००	१००	१००
5	हिमालयन इन्स्टिच्युट पूर्वाधार निर्माण आयोजना भी.न.पा.६	६	०	Not Nikasha	०	०
6	चरिकोट अस्पताल पूर्वाधार निर्माण भी.न.पा.३	३	५,०००,०००	Not Nikasha	०	०
7	सातदोबाटो रामजानकी सडक वडा नं.६	६	१,०००,०००	१,०००,०००	१००	१००
8	खोरथली खुल्ला चिडियाखाना निर्माण आयोजना भी.न.पा.६	६	३,०००,०००	३,०००,०००	१००	१००

क) कार्यालयले पेश गरेको विवरण अनुसार प्रदेश पूर्वाधार तर्फ का २ वटा योजना हिमालयन इन्स्टिच्युट पूर्वाधार निर्माण योजना र चरिकोट अस्पताल पूर्वाधार निर्माण योजना छनौट भएता पनि रकम निकासा नभएको कार्यालयले जनाएको छ । आवस्यकता पहिचान गरी स्रोतको सुनिचिश्चना गरेर मात्र योजना संचालन गर्नुपर्दछ ।

ख) कार्यालयले हिमालयन इन्टिच्यूट पूर्वाधार निर्माण आयोजना र चरिकोट अस्पताल पूर्वाधार निर्माण कार्यको लागि रकम निकासा नभएको भनी उल्लेख गरेको छ ।स्रोतको सुनिश्चता गरेरमात्र योजना छनौट गर्नुपर्दछ ।

ग) :- आयकर नियमावली २०५३ अनुसार सार्वजनिक निकायले मू.अ. मा दर्ता भई नियमित रुपमा कर भुक्तानी गर्ने व्यवसायी सँग मात्र खरिद करोबार गर्नुपर्नेमा नगरपालिकाले ईट्टा आपूर्ति गरे बापत हनुमान फिक्स ईट्टा उद्योग (604133014) लाई मू अ कर 4095 भुक्तानी गरेकोमा उक्त व्यवसायी मिति 2075/M/4 देखि नन फाईलर देखिएको छ । नियमित रुपमा कर भुक्तानी नगर्ने व्यवसायी सँग खरिद कार्य गरेको हुदा कर समायोजन पत्र पेश गर्नुपर्दछ । अत नियमानुसार कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

८२

डि पि आर खर्च

डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार १० वटा डि पि आर तयार गर्न विभिन्न १० वटा परामर्श दाता छनौट गरी खर्च गरेको श्रेष्ता को परीक्षण गर्दा निम्न व्यहोरा देखियो ।

क) यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता

<table>
<tr><td></td><td></td><td></td><td>समेत देखिएन ।

ख) परामर्श सेवाको लागत अनुमान तयार गर्दा जनशक्तीको पारिश्र मिक सहरिविकास तथा भवन निर्माण विभागले तयार गरेको नेपाल सरकारको रा प प्रथम श्रेणीको लागि तोकिएको दर लगायत प्रयोग गरेको छ । तर परामर्श सेवा संलग्न जनशक्ति सो सरह भएको आधार संलग्न गरेको देखिएन ।

ग) परामर्शत दातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत भुक्तानी फिल्ड र डाटा पेश भएपछि ५० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र २० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएको एकै पटक भुक्तानी भएको आधारमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश भएको सम्वनधमा विश्वस्त हुने आधार देखिएन ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>फिल्ड अनुगमन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार पदाधिकारीले विल भरपाई लेखा राख्ने र सो को औचित्यताको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आधारभुत स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति वडा नं ६ र हिमालयन इन्स्टिच्युट पूर्वाधार निर्माण आयोजना निर्माण उपभोक्ता समिति भी.न.पा.६ लाई अन्तिम विल भुक्तानी दिएकोमा योजनाको फिल्डगत अनुमगन गर्दा निम्न अनुसारको व्यहोरा देखियो ।
क) आधारभुत स्वास्थ्य चौकी भवन निर्माण उपभोक्ता समिति लाई लागत अनुमान अनुसार सम्पूर्ण कार्य भइ सकेको भनी कार्यसम्पन्न प्रतिवेदनको आधारमा २०७८ अषाढमा भुक्तानी भएकोमा २०७८ असोजमा फिल्ड अनुगमन जादा उक्त भवनको रंगरोगनको कार्य चलिरहेको थियो भने विद्युतिकरण कार्य सम्पन्न भइसकेको थिएन ।
ख) हिमालयन इन्स्टिच्युट पूर्वाधार निर्माण आयोजना निर्माण उपभोक्ता समिति भी.न.पा.६ लाई कार्यसम्पन्न प्रतिवेदनमा सिलिङ्गमा पुटिङ्ग ,लगाईसकेको १००० लिटरको पानी ट्याङ्क राखिसकेको र विद्युतीकरणको कार्य सम्पन्न भइसकेको भनी २०७८ अषाढमै भुक्तानि भएकोमा २०७८ असोज महिनामा फिल्ड अनुगमन गर्न जादा माथी भनिएका कार्यको पूर्णता नभएको साथै पानी ट्याङ्की बापत भुक्तानी भएकोमा उक्त ट्याङ्की भवनमा नरहेकोले उक्त रकम असुल गर्नुपर्ने रु

ग) यसरी नमूनाको आधारमा २ वटा योजनाको स्थलगत निरीक्षण गर्दा कार्यसम्पन्न भइसकेको भनी आषाढमा भुक्तानी भएको योजनाको आषाढमा कार्यसम्पन्न भएको भनिएको कार्य असोज महिना सम्म पनि सम्पन्न भएको देखिएन ।अत: यस योजना लगायत अन्य योजनाको समेत वास्तविक कार्यसम्पादन स्थिति सम्वन्धमा नगरपालिकाबाट अनुगमन गर्नुपर्दछ।</td><td>१४,०००</td></tr>
<tr><td>८४</td><td></td><td></td><td>अनुगमन
गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण
स्थाअनुगमन तथा सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । नगरपालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको छैन ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>बेरुजुको अध्यावधिक अवस्था

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछ्र्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू
(E=A-B+C+D)</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>